CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेवारी संस्कृतिको रूपरेखा

भूमिका
डा. पार्थिवेश्वरप्रसाद तिमिल्सिना
[नेपाल र एशियाली अनुसन्ध]ान, मानविकी तथा सामाजिक अध्ययन संस्थान, त्रि. वि.

लेखक
डा. जगदीशचन्द्र रेग्मी
सम्पादक– नेपाल एण्टीक्वेरी

306.1NEW
REG

प्रकाशक
[अ]फिस अफ नेपाल एण्टीक्वेरी
काठमाण्डू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu .

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द.नं. ८१००

नेवारी संस्कृतिको रूपरेखा

(नेपालायन भाग-२)

भूमिका

डा. पार्थिवेश्वरप्रसाद तिमिल्सिना

डीन, मानविकी तथा सामाजिक अध्ययन संस्थान, त्रि. वि.

नं. ६२४८८

लेखक

डा. जगदीशचन्द्र रेग्मी

सम्पादक- नेपाल एण्टीक्वेरी

प्रकाशक

अफिस अफ नेपाल एण्टीक्वेरी

काठमाण्डू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक
अफिस अफ नेपाल एण्टीक्वेरी
२०/४०१ नक्साल काठमाण्डू नेपाल

306.1 NEW
REG

प्रकाशन समय
साउन ५, २०३५

मूल्यः– रू. ६।–

क्लो नं.
८१००

मुद्रकः–
श्री पुण्यवहादुर श्रेष्ठ
सेवक प्रिन्टिङ्ग प्रेस,
ढोकाटोल काठमाण्डू,
फोन नं. १४६५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ने. २४८८

नेपालको बौद्धिक क्षेत्रमा विविध किसिमबाट योगदान
दिइआउनुभएका प्रसिद्ध साहित्यकार र
सहृदय व्यक्तित्वका धनी 'कविकेशरी'
श्री चित्तधर 'हृदय' ज्यूमा
यो पुस्तक समर्पित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

डा० जगदीशचन्द्र रेग्मीज्यूले 'नेपालायन' नामक "लेखमाला" प्रकाशित गरी नेपालको भाषा, साहित्य, संस्कृति र इतिहास बारेमा लुकेका कुराहरू पाठक वर्गको सामु प्रस्तुत गर्दै आउनुभएकोले हाम्रो भाषा, साहित्य, संस्कृति र इतिहासको अध्ययनलाई ठूलो टेवा दिएको छ । 'नेपालायन', भाग २ मा प्रस्तुत गरिएको 'नेवारी संस्कृतिको रूपरेखा'ले पनि संस्कृति अध्ययन गर्ने व्यक्तिहरूको लागि ठूलो सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु। भविष्यमा 'नेपालायन'का अन्य अङ्कहरूमा हाम्रो भाषा, साहित्य, संस्कृति र इतिहास बारेमा अझै गहकिला सामग्रीहरू प्रस्तुत हुनेछन् भन्ने आशा राखेको छु ।

डा. पार्थिवेश्वर तिमिल्सिना
डीन, मानविकी तथा सामाजिक
अध्ययन संस्थान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालायन– भाग, २

केही कुरा

२०३४ फागुन महिनामा 'नेपालायन'को भाग १ प्रकाशित गर्ने सौभाग्य पाइएको थियो । अहिले २०३५ साउन महिनामा त्यसको यो दोस्रो भाग प्रकाशित हुन आएको छ । यो 'नेपालायन'को क्रमलाई मासिक प्रकाशनको रूप दिने प्रयत्न हुँदैछ । यसलाई सफल पार्नामा सबैको सद्भावनाको याचना गरिन्छ ।

'नेपालायन'को यो दोस्रो भागलाई नेपालका प्रख्यात विद्वान् डा. पार्थिवेश्वर प्रसाद तिमिल्सिनाज्यूले भूमिका लेखिदिई हामीलाई अनुगृहीत गर्नु भएको छ । नेपालमा शिक्षाको क्षेत्रमा उहाँ श्री तिमिल्सिना ज्यूले विभिन्न रूपबाट देन दिइआउनु भएको कुरा त प्रख्यात छ । तर उहाँको वैशिष्टय सबैसंग र विशेष गरी विद्याको क्षेत्रमा संलग्नहरू-प्रति अत्यन्त हार्दिक र आत्मीय व्यवहार गर्ने गुणमा रहेको छ । उहाँको यो वैशिष्टयले उहांले पाइआउनु भएका अधिकार र शक्तिसँग सामञ्जस्य गरी शैक्षिक जगत्मा राम्रो वातावरण ल्याउन ठूलो योगदान गर्दै आएको अनुभव हुन्छ ।

श्री वलराम 'श्रमजीवी'ले यसको प्रकाशनमा जति श्रम गरि-दिनुभएको छ त्यसको साटो धन्यवाद शव्दको उपयोग गरेर मात्र भ्याइं-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दैन होला । उहांले प्रस्तुत निवेदनकर्तालाई अन्य पक्षमा पनि दाजुले दिन सक्ने मायाँ र मित्रले दिन सक्ने सल्लाहा पनि दिनुभएको छ ।

अनगिन्ती किसिमबाट मायाँ–दया, सल्लाहा र सहयोग दिने श्री विनोदकुमार देवकोटालाई श्रद्धाको अञ्जलि पनि समर्पित गर्न चाहन्छु । नेपालको साहित्यिक क्षेत्रमा दिलोज्यानले संलग्न मित्र श्री रामभक्त श्रेष्ठले पनि यस क्रममा धन्यवाद पाउनुपर्दछ । यसै क्रममा भाइ श्री रवीशचन्द्र रेग्मी तथा भतिजा श्री शिवेशचन्द्र रेग्मीलाई धन्यवाद ज्ञापित गरिन्छ ।

सबैमा शुभकामना व्यक्त गर्दै,

जगदीशचन्द्र रेग्मी

५ गते साउन
२०३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेवारी संस्कृतिको रूपरेखा

नेपालायन
भाग – २

१. प्राक्कथन

नेपाल राष्ट्रको व्यक्तित्वमा यहाँका बासिन्दा सबै जात-जातिको गौरव सम्मिलित भएको छ । तर कुनै जाति वा वर्गमा कुनै किसिमको विशेषता हुन्छ र कुनैमा आर्कै कुनै किसिमको । यस्तै परिप्रेक्ष्यमा नेवार जातिको संक्षिप्त विश्लेपण यहाँ गर्न खोजिएको छ ।

जातिवाचक नेवार नाम देश वा राष्ट्रवाचक नेपाल नामकै व्यावहारिक रूप हो भन्ने कुरा स्पष्टै छ । जसको विस्तृत व्याख्या पछि यथासमय गरिनेछ । अर्थात् नेपालका बासिन्दालाई पनि नेपाल (संस्कृतमा नेपाला: प्रयोग गरिएको देखिन्छ) भनिने गर्दा त्यस नामको देशका बासिन्दा पनि नेपाल (कुनै रूपको विभक्ति लगाएर) भनिने गर्दा★ यो नेवार जातिवाचक रूपमा पनि चलन थालेको

★ लिच्छविकालका दुई अभिलेखहरूमा यस्तो प्रयोग भएको पाइएको छ । लिच्छवि राजा वसन्तदेवको ई. ५१२ को टिप्टुङको अभिलेखमा 'स्वस्ति नैपालेभ्य:' लेखिएको छ । यही प्रयोग उही ठाउँमा अंशुवर्मन्ले ई. ६१६ तिर राखेको अभिलेखमा पनि भएको छ (हेमन्त राणा, धनवज्र वज्राचार्य– टिप्टुङ–चितलाङ भेकको ऐतिहासिक सामग्री, त्रि. वि. २०२९ पृ. १४–१५) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ । मध्यकालतिरदेखि विशाल नेपाल राज्य टुक्रिन थाल्दा त्यस राज्यको राजधानी भेक-उपत्यकालाई मात्र नेपाल भन्न थालिएपछि यस भेकका बासिन्दा 'नेपाल' र 'नेवार' कहलिन थालेको बुझिन्छ ।

यो 'नेपाल' वा 'नेवार' नामको उपयोग स्वयं नेवारहरूले शुरूमा गरेका होइनन् । आजै पनि नेवारहरू आफूलाई नेवार नभनी आफ्नो जात वा थर मात्रले स्पष्ट परिचय दिन्छन् । यसै कारणले गर्दा उपत्यकामा पाइने अधिकांश शिलालेख र तामापत्र वा कागतपत्रमा यो जातिवाचक नेवार शब्दको प्रयोग भएकै छैन । अर्थात् उपत्यकावाहिरका मानिसहरूले उपत्यकाभित्रका बासिन्दालाई यो 'नेपाल' वा 'नेवार' नाम दिइएको हो भन्ने बुझिन्छ । यसै गरी 'नेपाल' हरूको भाषा भन्ने अर्थमा 'नेपाल' (नेपाली) र 'नेवार' शब्दको प्रयोग भएको देखिन्छ ।

यसै सन्दर्भमा विचार गर्नुपर्ने यौटा आर्को तथ्य छ । देशवाचक नेपाल नाम नेवारमा मात्रै हैन सुनुवार र दनुवारमा पनि आएको छ । कसै–कसैले सुनुवार नाम 'सुनकोशीका नेवार' बाट र दनुवार चाहिँ 'डोय नेवार' बाट भएको मानेका छन् । उक्त दुवै जातिवाचक नाममा पछिल्लो भाग 'नुवार' नेपाल शब्दकै फेरिएको रूप हुन सक्ने सम्भावना देखिन्छ जुन तथ्य ती शब्दको प्रकृतिले औंल्याउन खोजेकै लाग्दछ । यो सिद्धान्त मान्न सकिने स्थिति निश्चित भएमा 'नेवार' जातिका पनि ३ भेद (नेवार, दनुवार र सुनुवार गरी) मान्नुपर्ने हुन आउँछ । यस विषयमा विस्तृत रूपले चर्चा–परिचर्चा गरेपछि मात्र स्थिति स्पष्ट हुने देखिन्छ ।

२. जातीय मूल्यांकन

नेपाल उपत्यका र त्यसबाट बाहिर छरिन गएका वा त्यसको सांस्कृतिक प्रभावमा रहेका नजीकका क्षेत्रमा तिब्बत-वर्मी खलकको भाषाले विशेष लोकप्रियता पाउन थालेको थियो । त्यो भाषालाई जातिवाचक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालकै पर्याय रूपमा प्रयोग हुँदा मध्यकालतिर (ई. को चौधौं शताब्दी-तिर) त्यसलाई 'नेपालभाषा' भन्न थालिएको देखिन्छ । र त्यस्तो भाषा जुन–जुन वर्गले आफ्नो मातृभाष स्वीकार्दै आए ति–तिनले नै नेवार समाजको संरचना गरेका छन् । अर्थात् उक्त भाषा मंगोलायड खलकको भए पनि यसको क्रमशः उपयोग बढाउँदै जाने आर्य–वर्गहरूका सन्तान-हरू नै आजसम्म अधिसंख्य नेवारका रूपमा रहेका छन् । केही निम्न वर्गहरूमा मंगोलायडको पुरानो तह शुद्ध रूपमा बाँकी भए होला नत्र माथिल्ला वर्गमा कतै पनि रहन गएको छैन । नेवार समाजको स्वरूपमा स्वदेशी–विदेशी सबैलाई भ्रम हुन गएको पक्ष यही हो । अर्थात् यो नेवारी भाषाले नै विभिन्न मूलका जातहरूले सामूहिक 'नेवार' नाम पाए-का छन् । यो नाम प्रसिद्ध भैसकेकोले यसैको प्रयोग गर्नुपर्ने भएको छ ।

यसो त नेपालभरिकै ऐतिहासिक सामग्री खोज्ने मूल्यांकन गर्ने काम आजसम्म राम्ररी चल्न सकेको छैन त्यसमाथि स्वयं नेवारहरूकै अत्यन्त समृद्ध व्यक्तिगत संग्रहका ऐतिहासिक सामग्रीको खोजी गरिएको छैन । यस्ता जति सीमित सामग्रीको प्रकाशन भएको छ तिनको यथोचित मूल्यांकन पनि भएको छैन । खास गरी प्रस्तुत सन्दर्भमा नेवारी भाषामा लेखिएका वंशावलिहरूको खोजी र प्रकाशन भएको छैन । अलि पुरानो गोपालवंशावलि (ई. को चौधौं शताब्दी) को केही अंश नेवारीमा लेखि-एको छ तर त्यसमा राजकीय पक्षमात्र प्रस्तुत भएको छ ।

नेपाली इतिहासको रचना गर्दा खूब प्रयोग गरिने 'भाषा वंशावलि' (नेपाली भाषामा लेखिएका, जुन बेगिन्ती संख्यामा पाइन्छन्) पनि कुनै गोपालवंशावलिजस्तै र अन्य खालका नेवारी भाषाका वंशावलिका आधारमा तयार पारिएको देखिन्छ । हाललाई त्यसै वंशावलिले 'नेपाल' वा नेपाल उपत्यकाका वासिन्दालाई कुन किसिमले मूल्यांकन गरेको रहेछ हेर्नु उचित हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'भाषा वंशावलि' मा ईस्वीको चौधौं शताब्दीतिर भएका नेपाल उपत्यकाका प्रतापी राजा जयस्थितिमल्लले आफ्नो राज्यमा जातीय व्यवस्था गरेको जुन बयान पाइन्छ त्यसमा एक ठाउँमा निम्न उल्लेखनीय अंश परेको छः—

"नेवारलाई ३६ जात बनाई श्रेष्ठ भनी जातक नाम प्रख्यात गराया। जैसीका जात ८ आचारको जात ८ वैद्यको जात ४ श्रेष्ठका जात ३६ मध्ये तागाधारी १३ जात चन्दरी, सुवेरी, भण्डारी, आचार, दैवज्ञ आदि १३ जात तागाधारी हुन्। ब्राह्मणका जात जति भयाका पञ्च गौड पञ्च द्राविड यति १० मूल जात हुन्। यसै मूलबाट ब्राह्मणका जातका नाम धेरै हुन गया। जैसी ब्राह्मणलाई अपूज्य गराया। ज्यापूका जात ३२ कुह्मालका जात ८ कसाइले नङ काटन्या जात ७२ खसका जात ६४ वाडाका जात ४ ठह्-या। कुसल्याका जात ४ पोढ्याका जात ४ चर्मकार कुलु यति सब गरी जम्मा जात ७२५ ठह्-या। साना जातका हातबाट कुलनाश आयुर्दा क्षय होला। ठूला जातका छोरी नीच जातसँग जान्या साना जातका मानिस उत्तम जातका स्त्री संसर्ग गर्न्याहरूको स्थिति बाँधि दिया।" ●

उपर्युक्त स्रोतले नेवार समाजमा ७२५ थर भएको तथ्य प्रस्तुत गरेको छ। यो संख्याबारे अहिले केही भन्न सकिएको छैन तर उक्त उद्धरणबाट नेवार समाज पनि अन्य हिन्दू समाजझैं तागाधारी र मतवाली र तिनका भेदोपभेदबाट रचिएको कुरा स्पष्ट हुन्छ। त्यस वर्गमा बाहुन

● देवीप्रसाद लंसाल—(सम्पा.)भाषा वंशावलि, द्वितीय भाग, नेपाल राष्ट्रिय पुस्तकालय, २०२३ पृ. ३८–३९. यसपछि प्रत्येक जातको सांस्कृतिक र आर्थिक अधिकारबारे विस्तृत विवरण प्रस्तुत भएको छ, ऐजन, पृ. ३९–५०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि गनिएको छ । ✗

३. चार वर्ण ३६ जात

वास्तवमा नेवार समाज पनि हिन्दूहरूको शास्त्रीय परम्परा बमोजिम ४ वर्ण र त्यसका अन्तर्गतका उप-वर्ग (३६ जात) द्वारा संरचित भएको छ । तल हामी यस सम्बन्धमा मोटामोटी तथ्यको चर्चा गर्दछौं ।

बाहुन

किरात र लिच्छविकालदेखि नेपालका ठाउँ ठाउँमा र उपत्यकामा बाहुनहरू धेरै संख्यामा रहिआएका हुन् । मध्यकालसम्म यी पुराना बाहुनहरू या त खतमै भए वा तलका जातमा झरिसकेका जस्तो लाग्दछ । मध्यकालतिर कान्यकुब्ज वर्गका अनेक थरी बाहुनहरू यहाँ पसी बसोबास गर्न थालेको देखिन्छ । तिनमा उपाध्याय, झा, मिश्र आदि थरका थिए । सीमित संख्यामा पञ्चद्राविड वर्गका भट्ट बाहुनहरू पनि यहाँ आई बसोबास गरेको बुझिन्छ ।

भाषा समेत उपर्युक्त ४ थरका बाहुनमध्ये केहीले नेवार संस्कृति लिएकाले यिनलाई नेवार समाजका बाहुन (राजोपाध्याय, देओभाजु, देओ ब्रम्हु आदि सम्मानवाचक पदवी प्रयुक्त भई) को रूपमा मानिन्छ । शिवमार्गी नेवारहरूका पुरोहितका रूपमा यिनले समाजमा माथिल्लो ठाउँ पाई आएका हुन् । मल्ल राजाहरूले पनि यिनैलाई राजगुरु मानेका थिए ।

नेवार समाजमा 'जैसी' वा कम्सल बाहुनहरूको पनि गणना

✗ परिशिष्ट-१ मा ई. १८३५मा नेवार समाजको लागि लागू गरिएको कानूनी व्यवस्था उद्धृत गरिएको छ । यसबाट नेवार समाजको अघिदेखि प्रचलित सामाजिक विधान प्रतिबिम्बित भएको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको छ । माथि उद्धृत भाषावंशावलिको कथामा ८ थरका जैसीको उल्लेख भएको छ । हाल कुन कुन थर जैसी हुन सक्दछन् केही भन्न सकिदैन । कर्माचार्यहरूलाई यस वर्गमा राख्न सकिन्छ जस्तो लाग्दछ ।

वंशावलिहरूमा बौद्धमार्गीका पुरोहित– गुरुखलक वज्राचार्य-हरूलाई पनि बाहुनबाटै बौद्ध भएका कुरा चर्चिएको देखिन्छ । बौद्ध-मार्गीका गुरुपुरोहितका थरहरूमा अलि कम्सल मानिने गृहस्थ भिक्षुका परिवार पनि पर्दछन् ।

नेवार समाजभित्रका यी बाहुन वा ब्राह्मणवर्गीय समुदायको ऐतिहासिक महत्त्वको व्याख्या गरिसाध्य छैन जस्तो लाग्दछ । किनभने यिनै वर्गले मात्र नेपालमा ज्ञान र विज्ञानको परम्परा कायम राखिआ-एका हुन् । यो समूहले दिएका सांस्कृतिक देनहरूको मूल्यांकन अति रुचिकर हुने तथ्य स्पष्ट छ ।

क्षत्रिय वर्ग

नेवार समुदायमा क्षत्रिय वर्ग वा सोबाट बनेका जात वा थरह-रूको संख्या गनेर साध्य छैन जस्तो लाग्दछ। सूर्यवंशी लिच्छवि, देव (?), मल्ल जस्ता प्रख्यात राजखलक र अन्य अनेक राजपूत (सोलंकी, राठोर आदि अनेक) खलकहरू नेवार समुदायमा सम्मिलित भएका छन् । यस वर्गमा केही खस वर्ग पनि मिसिएको अन्दाज गर्न सकिन्छ । नेवार समुदायमा हाल 'श्रेष्ठ'को रूपमा ज्ञात विशाल वर्ग यस भेदमा पर्द-छन् । भदगाउँका प्रधानाङ्ग, कान्तिपुरका प्रधान र पाटनका (?) पमा (उहिलेका प्रमाण) प्रसिद्ध 'श्रेष्ठ' हुन् । तर यो विशाल 'श्रेष्ठ' वर्गमा माथिबाट झर्दै आएका र तलबाट माथि उठेका अनेकन जातहरू पनि परेका छन् ।

साधारण रूपमा 'श्रेष्ठ' लाई क्षत्रिय नै मानिएको छ । पुराना ऐनहरूमा यसको स्पष्ट उल्लेख पाइन्छ ।[*] तर माथि संकेत गरिएकै

[*] हेर्नू परिशिष्ट–२.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेक तहका 'श्रेष्ठ' को अस्तित्व मान्नुपर्ने देखिएको छ । व्यवहारमा पनि '६ थरे श्रेष्ठ' र 'पाँच थरे श्रेष्ठ' तहको अस्तित्व मानिएको देखिन्छ ।

'६ थरे श्रेष्ठ' का मुख्य थर– अमात्य, प्रधान, मास्के, भण्डिल, जोशी र अचाजु मानिएका छन् । यिनै ६ थरका पनि अनेक हाँगा–बिँगा गरी थुप्रै थर बनेका छन् । 'श्रेष्ठ' थरको विस्तृत ऐतिहासिक अध्ययन भएमा बडो रमाइलो सामाजिक इतिहास तयार हुने तथ्य देखिन्छ ।

यहाँ 'श्रेष्ठ' नामबारे पनि केही विचार गर्नु आवश्यक छ । हालै पनि 'श्रेष्ठ' वा 'श्रेष्ट' दुई रूप प्रचलित भएको देखिन्छ । यी दुईमध्ये 'श्रेष्ठ' शब्द मूल हो भन्ने देखिन्छ जसको सम्बन्ध 'शिष्ट' सँग रहेको देखिन्छ । गोपालवंशावलिमा भारदारको अर्थमा यो 'शिष्ट' शब्दको उल्लेख पाइन्छ ।✿ ई. १५५९ को यौटा तामापत्रमा 'श्रेष्ठ'को रूप-मा यसको उल्लेख भएको देखिन्छ ।♣ तर यो पदवीको उल्लेख पुराना ऐतिहासिक सामग्रीहरूमा अत्यन्त कम भएको छ । वरु यसैको समा-नार्थी 'भारो' शब्दको भने प्रचुर प्रयोग भएको छ जसको अर्थ भारदार मानिएको छ । आजकाल पनि श्रेष्ठ थर प्रयोग गर्ने परिवारका पारिवा-रिक अभिलेख (चिना, जन्मकुण्डली आदि) हरूमा श्रेष्ठ वा श्रेष्टको

✿ ई. १३२८ तिरको सन्दर्भमा त्यहाँ यस्तो सन्दर्भ परेको छः– अत्रान्तरे काशेरवस्सज श्रीहरिचन्द्रदेवसमानवेनः विवाहङ्करोति श्रीनायकदेवी कतिपय वर्षान्तरेण **शिष्टेन** विषभक्षयतेन मृत्यु ॥– गोपालवंशावलि, पत्र– २७ ख, D. R. Regmi, Medieval Nepal, p, III Appendix, B. P. 123.

♣ अमृतमल्लको साँखु तामापत्र, D. R Regmi, Medieval Nepal, iv. p. 19.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयोग नगरी❋ 'भारो' कै धेरै प्रयोग गरिएको देखिन्छ । अर्थात् साधारण रूपमा एक किसिमका भारदारहरू नै हिजोआजका श्रेष्ठ समुदायका पूर्वज हुन् भन्ने देखिन आएको छ ।

श्रेष्ठको यो विशाल समुदायमा सांस्कृतिक भिन्नता पनि रहेको देखिन्छ । केहीले क्षत्रिय परम्पराअनुसार ब्रतबन्ध गरी जनै पनि लगाउँछन् (वा लगाउन पाउँछन्) । शिवमार्गी जति सबै जातले ब्रतबन्धको संस्कार त अवश्य गर्दछन् । बुद्धमार्गीहरूको चाहिं ब्रतबन्धजस्तै संस्कार चूडाकर्म गरिन्छ ।

नेवार समाजमा यौटा अचम्मको चलन छ– विवाह गर्दा दुलही लिन जन्तीसँग दुलाहा नजाने । तर यो चलन सबैमा छैन । यो प्रथाको उपयोगको आधारमा पनि अनेक थरहरूको वास्तविक समीकरण गर्न सकिन्छ ।

वास्तवमा श्रेष्ठ समुदाय नेवार समाजको माथिल्लो मध्य वर्ग हो जसले सांस्कृतिक परम्परा कायम गर्ने र त्यसलाई बढाउने काममा ठूलो योगदान दिई आएको छ । वाहुन जति त वाहुन भैहाले तर ती पछि सबभन्दा धेरै शिक्षित र उद्यमी समुदाय यो हो भन्ने देखिन्छ । यो समुदायले नेवार समाजलाई मात्र होइन सम्पूर्ण नेपाली समाजलाई अनेक किसिमले योगदान गरेको छ । अघिका भारदार वर्ग भएकाले यिनलाई सम्मानको रूपमा 'कार्जी' पनि भनिन्छ ।❧

❋ बोलीचालीमा श्रेष्ठ श्रेष्टलाई हिजाज 'श्रृष्टि' को पनि प्रयोग भएको देखिन्छ ।

❧ परिशिष्ट– २ मा ई. १९३६ (सं. १९९३) को यौटा सरकारी इस्तिहार प्रस्तुत गरिएको छ । यसमा 'नेवार' समाजका दुई उच्चवर्गका कर्मकाण्ड सम्वधी विवरण पाइन्छ । यसमा श्रेष्ठलाई क्षत्रिय भनिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैश्य वर्ग

शिवमार्गीहरूमा वैश्यवर्ग को हुन् भनी खुट्ट्याउन अलि गाहारो पर्दछ । श्रेष्ठ समुदायमा सम्मिलित अनेक थरहरू वास्तवमा वैश्य वर्गकै हुन् भन्ने जस्तो लाग्दछ । तर यस विषयमा अरू अध्ययन हुनु आवश्यक छ । भक्तपुरको प्रसिद्ध कायस्थ थर सम्भवतः यसै वर्गमा पर्न आउँछ ।

खास गरी बौद्धमार्गीहरूमा उहिल्यैदेखि गृहस्थका रूपमा रहिआएका जातहरूलाई यस वर्गमा राख्नुपर्ने देखिन्छ । यस वर्गमा खास गरी व्यावसायिक वर्ग (सुन, धातु, काठ, काँसो, तामा र ढुङ्गा आदिका काम गर्ने) हरू पर्दछन् । नेपाल उपत्यकामा कलात्मक वातावरण कायम गर्नमा यिनैको हात रहिआएको देखिन्छ । यस वैश्य वर्गको विस्तारबारे अझ विस्तृत अध्ययन हुनुपर्ने देखिन्छ ।

शूद्र वर्ग

शास्त्रीय सिद्धान्तअनुसार शूद्र पनि सत् र असत् गरी दुई भागमा बाँडिने गरिन्छ । ज्यापूहरूको विशाल वर्गलाई सत् शूद्रमा राख्नु पर्दछ । अवाल, कुमालेहरू कसाई सम्भवतः असत् (अलि कम्सल) शूद्रमा पर्दछन् ।

ज्यापूहरूलाई अहिले सत् शूद्रमा गनिन्छ तापनि यो विशाल समुदायमा ऐतिहासिक कालका शासक क्षत्रिय खलक र राजपूतहरू पनि होचिएर रहेका छन् जस्तो लाग्दछ । हेल र ग्वलि (गोपाल) बारे गम्भीर विचार गरेमा यो कुरा स्पष्ट हुनेछ । पुराना आभीर नै आज हेल भएका छन् । गोपालवंशीहरू नै आज ग्वलि भएका छन् । प्राचीनकालको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शासकवर्गका जिष्णुगुप्त र विष्णुगुप्तहरू आभीर गुप्त खलकका थिए। उनीहरू चन्द्रवंशी क्षत्रिय भनी आफूलाई मान्दथे।

भैंसी पाल्ने पेशामा विशेष लागेका कसाईंहरू (मे–पु,महिषपालक) ऐतिहासिक कालका महिषपालवंशी शासक वर्गका शाखा–सन्तान हुन सक्दछन्। उनीहरू आफैं पनि आफूलाई क्षत्रिय हुनाको दावा गर्दछन्। तर अनेक कारणहरूले गर्दा समाजमा तिनले तल्लो स्थान लिनुपरेको देखिन्छ।

ज्यापूहरूमा डंगोल र महर्जन विशेष प्रसिद्ध छन्। डंगोल♁ आफ्नो वर्गमा अलिकति माथिल्लो तह ओगट्दछ किनभने यो वर्ग उहिल्यैदेखि जग्गा नाप्ने जस्तो उपयोगी र परिष्कृत काम गर्दै आएको हो। यस रूपमा शिक्षित वर्गको रूपमा यस वर्गको अपेक्षाकृत उच्च स्थान रहेको छ। महर्जनहरू+ कृषिसाथै व्यापारमा पनि आंशिक रूपले लागेकाले यिनले पनि अपेक्षाकृत सम्मानजनक स्थान पाइआएका हुन्।

अस्पृश्य वर्ग

नेवार समाजको सबभन्दा तल्लो तहमा अस्पृश्य वर्ग रहेको छ। कुसले, कुलू, पोडे र च्यामे तथा 'हाराहुरु'को यस वर्गमा गणना गरिन्छ।

♁ ई. १४८० (नेपाल संवत् ६००) तिर यो नाम 'दंगुलिक' रूपमा चर्चिएको पाइन्छ (पूर्णिमा, १.पृ. ३१)। यहाँ 'क' चाहिं संस्कृतको चलनअनुसार जोडिएको देखिन्छ।

+ यो महर्जन शब्द कसरी बन्न आयो भन्ने प्रश्न उठ्दछ। इ. शि. बाबुराम आचार्यले 'महाराजन्' शब्दबाट महर्जन शब्द बनेको अन्दाज गरी यिनलाई आजका लिच्छवि मान्नुभएको छ। यस विषयमा हाल केही निधो गर्न गाह्रारो छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यीमध्ये कुसले र पोडे केही अज्ञात कारणहरूले गर्दा माथिको कुनै तहबाट झरेका हुन् जस्तो लाग्दछ। नाथसम्प्रदायका अनुयायी कुसले किन अस्पृश्य हुन गए भन्ने कुराको ऐतिहासिक विश्लेषण हुनु जरूरी छ। हिजोआजको बंगाल क्षेत्रको एक भागको पुरानो नाउँ 'पौण्ड्र'बाट आएका हुनाले यी 'पोडे' कहलिएका हुन् भन्ने कसै–कसैको भनाइ छ। पौण्ड्र शब्दबाट पोडे भएको हुनु असम्भव लाग्दैन। यस विषयमा पनि विस्तृत अध्ययन हुनु आवश्यक छ। उपर्युक्त ४ अस्पृश्य वर्गको पनि वास्तविक मूल्यांकन हुनु सामाजिक अध्ययनको दृष्टिले महत्त्वपूर्ण देखिन्छ।

वर्तमान नेवार समाजले वास्तवमा नेपालको झण्डै ५ हजार वर्षदेखिको सामाजिक इतिहासको प्रतिनिधित्व गरेजस्तो लाग्दछ। नेपालभित्र विभिन्न ठाउँमा संस्कृति र सभ्यता बढे र फैलेका हुन् तर अति प्राचीन कालदेखि आजसम्म काठमाडौं उपत्यकामा नै विशेष गरी सांस्कृतिक क्रम अटूट रूपमा चलिआएको बुझिन्छ। यस पृष्ठभूमिमा विभिन्न जात र जातिको सम्मिश्रण र संयोजनबाट आजको नेवार समुदायको सश्लिष्ट रूप बन्न आएको देखिन्छ। यस्तो संश्लिष्ट समाजलाई तिब्बत–बर्मी वा किराती वर्गको भाषाको रूपमा नेवारीले सांस्कृतिक एकताको काम गरी आएको पनि स्पष्ट देखिन्छ।

वर्णाश्रम व्यवस्था नै नेवार समाजले मानिआएको देख्दा यस समाजको प्राचीनता पनि स्पष्ट हुन आउँछ। शिवमार्गी मात्रै हैन बुद्धमार्गीहरूले पनि यो व्यवस्था मानिआएका छन्। संस्कार र कर्मकाण्डहरूको जुन विविधता यस समाजमा चलेको देखिन्छ त्यसले पनि उपर्युक्त तथ्यको समर्थन गरेको देखिन्छ। सतीप्रथा यो समाजमा प्रचलित रहेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को तथ्यले पनि सोही वास्तविकतालाई औंल्याएको छ ।~~

४. सांस्कृतिक गरिमा

अलि पुराना केही विदेशी लेखकहरूले ईस्वीको छैठौं–सातौं शताब्दीको केही अवधि (ई. ५९०–६२१) मा भएका शासक अंशुवर्मन्-लाई 'नेवार' भनी बयानिएको देखिन्छ । नेवार शब्दलाई नेपाल शब्दकै समानार्थी मानेमा अंशुवर्मन् मात्रै हैन नेपाल राष्ट्रभित्र रहने–बस्ने र हामी सबै नै नेवारै हौं भन्नुपर्दछ । तर यौटा खास किसिमको संस्कृति-सँग सम्बद्ध भएको 'नेवार' लाई कति पुरानो मान्ने भन्ने एउटा महत्त्व-पूर्ण प्रश्न उठ्दछ ।

किरातवर्गीय नेवारी भाषा बोल्ने एउटा कुनै पुरानो किराती जाति यो नेवार समुदायको मूल रहेको देखिन्छ । तर त्यस्तो मूल किराती वर्गले ऐतिहासिक क्रममा आर्यसंस्कृतिका अनुयायी भएर सांस्कृतिक चारित्र्य फेर्ने जमर्को गरेको देखिन्छ । यति हुँदा हुँदै पनि नेवार समाजको शारीरिक बनोटहरूमा किराती चारित्र्य पनि देखिने हुँदा उपर्युक्त मूल वर्गको स्थायी र व्यापक प्रभाव रहेको स्पष्ट अनुभव हुन्छ ।

गोपालकाल, किरातकाल र लिच्छविकालदेखि नेपाल उपत्यकाका अधिसंख्य जनताको रूपमा हालका नेवारका पूर्वज रहेको देखिन आउँछ । यसरी गोपालकालदेखि लिएर आजसम्म नेपाल उपत्यकामा भएका सांस्कृतिक उपलब्धिका धेरैजसो काम नेवार समाजसँगै सम्बद्ध रहिआएको देखिन्छ । यहाँ पस्ने आर्य खलकका समुदायहरू पनि क्रमश:

~~ नेपाली, चित्तरञ्जनले जनरल भीमसेन थापा र तत्कालीन नेपाल, पृ. ३२२–३२७ मा प्रस्तुत ई. १८३१ (सं. १८८८)को सरकारिया रुक्कामा नेवार समाजको सन्दर्भमा सती जाने चलनको उल्लेख छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थानीयकृत भई नेवार समाजमै सम्मिलित हुन गई संश्लिष्ट संस्कृतिको रचना र विकास हुन गएको हो । आदिम किरात तत्त्व यसमा रहिरहेर पनि आर्यसंस्कृतिले सर्वोपरि स्थान यस समाजमा पाएको अर्को महत्त्वपूर्ण तथ्य अवगत हुन्छ ।

आर्यसंस्कृतिको महत्त्वपूर्ण पक्ष– धार्मिक पद्धति हो । यस्तो धार्मिक पद्धतिका शैव, वैष्णव, शाक्त, सौर र बौद्ध गरी अनेक सम्प्रदाय यहाँ प्रभावसाथ प्रचलित भएका हुन् । अति प्राचीनकालदेखिको यो धार्मिक पद्धतिको इतिहास आज नेवार समाजमा कुनै न कुनै रूपमा सन्निहित रहेको छ । उपत्यकामा हुने जात्रा, चाडपर्व र तीर्थहरूको अधिसंख्या देख्दा यसो भन्नु परेको हो । यहीं मन्दिरहरूको यति संख्या देख्दा पनि यो तथ्य स्पष्टिन्छ । धार्मिक कर्मकाण्डको ज्यादै संश्लिष्ट रूप यहाँ प्रचलित रहेको छ । यो धार्मिक पद्धतिको राम्ररी विश्लेषण गर्ने हो भने अति प्राचीनकालका आर्यपरम्परा यहीं मात्र कायम भएको तथ्य स्पष्टिने विश्वास गर्न सकिन्छ । इन्द्रजात्राको परम्परा यस्तै एउटा उल्लेखनीय तथ्य हो भन्ने देखिन्छ ।

लिच्छविकालदेखिका जति ऐतिहासिक सामग्री पाइन्छन् तिनको तुलनात्मक अध्ययन उपत्यका र वरिपरि हाल प्रचलित धार्मिक पद्धतिको तुलना गरी हेरे यस क्षेत्रमा भएका नौला प्रयोगहरूको पनि स्थिति जान्न सकिने देखिन्छ ।

परिष्कृत कलात्मकता नेवार संस्कृतिको अर्को उल्लेखनीय पक्ष हो । उपत्यकामा विकसित भैआएको कलात्मक परम्परा कायम गर्ने काम नेवार समाजले गरिआएको छ । नेवार समाजमा विभिन्न कलात्मक काम सह्माल्ने छुट्टाछुट्टै वर्ग रहिआएको छ । तैपनि प्रायः सबै वर्गमा कलात्मकताको सुरुचि निकै मात्रामा रहेको देखिन्छ । यो कलात्मक पक्षबारे पनि विस्तृत अध्ययनको क्षेत्र बाँकी छ । संक्षेपमा भन्ने हो भने नेवार समाजका खास शिल्पकार वर्ग वा अन्य वर्गले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलाको विशाल र विविधतापूर्ण क्षेत्रलाई ओगटेको देखिन्छ। ढलोटका मूर्ति र भाँडाकुँडा बनाउने काममा त आज संसारभरिमा उपत्यकाकै यी नेवार शिल्पकारको प्रथम पङ्क्तिमा गणना हुन्छ। काष्ठशिल्पको पनि झण्डै उत्तिकै नाम रहेको छ।

वास्तवमा भन्ने हो भने नेवार समाज अत्यन्त धार्मिक र भक्त समाज हो। त्यस समाजले शिल्पका सबै पक्षलाई धार्मिकताकै लागि प्रयोग गरिआएको छ। यति श्रद्धालु समाज संसारमा अन्यत्र कतै छ जस्तो लाग्दैन। यसैले यिनको सांस्कृतिकताको मूल आधार धार्मिक प्रवृत्ति रहेको छ। यो धार्मिक प्रवृत्ति अंशतः परम्परा कायम गर्ने रूढिमै प्रचलित भए तापनि त्यसमा बौद्धिकताको सामञ्जस्य रहेको महत्त्वपूर्ण तथ्यलाई लुकाउन सकिँदैन। तर, अति धार्मिकताको अर्थ यो पनि होइन कि यो समाजले उद्योगशीलतालाई त्यागेको छ। वरु उद्योग र उद्यम यस समाजको वडो राम्रो र चहकिलो भूषणको रूपमा रहेको छ। यसैले ज्यादै गरीब मानिस पनि अरूसँग हात पसार्नुभन्दा बरु ज्यादै सानै उद्यमैमा किन नहोस् संलग्न रहेर निर्वाह गर्न मनपराउँछन्। जातैले भिक्षुक हुन पुगेका (कुसले आदि) पनि आधुनिक युगले दिएको व्यक्तित्वअनुसार एउटा न एउटा पेशा समातेर पारिवारिक स्तर उकाल्ने प्रयत्नमा संलग्न भएका छन्।

नेपालका अन्य समुदायमा झैं नेवारहरूमा पनि पारिवारिक जीवन प्रायः शान्त र सुखमय हुन्छ। संयुक्त परिवारको पुरानो चलन यस समाजमा अझै जीवित छ। छुट्टै रहने परिवारले पनि आफ्ना नाता–गोताप्रति रहने सामाजिक सम्बन्ध निकै हार्दिक स्तरको गर्ने गर्दछ। यो कौटुम्बिक भावनाले यो समाजलाई एक सूत्रमा बाँध्न निकै योगदान गरेको देखिन्छ। सुख र दुःख दुबै परिस्थितिमा सामाजिकताको यो भावना व्यापक रूपमा रहनु उल्लेखनीय तथ्यको रूपमा लक्षित हुन्छ। यही भावना गुठीको रूपमा संस्थापित छ। यो गुठी संस्था यस किसिमको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यापक रूपमा संसारभरि कुनै अन्य सामाजिक समुदायमा छैन भने हुन्छ। आधुनिक आर्थिक युगको व्यक्तिवादी सिद्धान्तको चापले यस समाजमा पनि प्रभाव पार्दै ल्याएको छ। यो कुनै अस्वाभाविक कुरा पनि हैन तर नेपालका अन्य समुदायले आफ्–आफ्नो परम्परा जति चाँडै त्याग्दै आएका छन् त्यसको तुलनामा यस समुदायमा त्यत्ति परिवर्तन भैसकेको छैन भन्ने देखिन्छ।

नेपालका सबै सामाजिक समुदायहरूमध्ये शहरी सभ्यताको विशेष आस्वादन गर्ने समाज पनि यही हो भन्ने देखिन्छ। यस विषयमा पनि विस्तृत अध्ययंन हुनु जरूरी देखिन्छ।

'नेवार' समाजको सामाजिक प्रवृत्तिमा यौटा उल्लेखनीय पक्ष देखिन्छ त्यो हो यसमा गार्हस्थ्य जीवनप्रति विशेष चाह। पुनर्विवाह (पार पाचुके) यस समाजमा विशेष रूपले प्रचलित छ☉, यद्यपि यस समाजका माथिल्ला वर्गमा यस्तो चलन वर्जित वा कम चलेको हुन सक्दछ। संन्यास ग्रहण गर्ने चलन पनि धेरै समयदेखि यस समाजमा चलेको देखिदैन। अघिका संन्यासी वर्ग (शैव, वैष्णव, बौद्ध ले पनि गार्हस्थ्य जीवन लिई हाल भिन्नै समुदायको रूपमा खडा रहेका छन् (वज्राचार्य, बाँडा, शाक्य–शाक्यभिक्षु र जोगी–कुसलेहरू)।∾

☉ नेवार समाजमा पाचुके–व्यवस्थाको प्राचीनतम रूप ई. १८५३ को मुलुकी ऐनमा उल्लेख भएको छ। हेर्नू परिशिष्ट ३.

∾ नेवार समाजमा प्रचलित बौद्ध धर्म वा महायानको यो पक्ष हो। श्रीलंका र थाइदेशसँग सम्पर्क धेरै बढ्न जाँदा हाल करीब २०–२५ वर्ष जतिदेखि नेवार समाजमा स्थविरवादी बौद्ध धर्म (हीनयान) को चलन केही प्रचलित हुन थालेको छ। यो नयाँ चलन अन्तर्गत केही अवधिको लागि मात्रै वा जीवनभरिको लागि भिक्षु हुने चलन केही मात्रामा चल्न लागेको पनि देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेवार समाजमा आर्यवर्गीय समुदायको अधिसंख्या रहेको उल्लेख माथि गरी सकिएको छ। तर भाषा भने उनीहरूले आर्येतर वर्गको लिएकाले यौटा आर्को महत्त्वपूर्ण ऐतिहासिक तात्पर्य लक्षित हुन आएको छ। आर्यावर्तको इतिहासमा आर्यवर्गले आर्येतर वर्गको भाषा सकारेको यही यौटै उदाहरण देखिन आएको छ।

यस्तै अनेकन् विशेषताहरू यस समाजमा परिलक्षित भएको छ। विस्तृत ऐतिहासिक–सामाजिक अध्ययन भएपछि अन्य पक्षहरूको पनि उद्घाटन हुने विश्वास गर्न सकिन्छ।

५. साहित्यिक प्रवृत्ति

नेवार समाजले साहित्य, संगीत र कलाको मनोहर सामञ्जस्य प्रस्तुत गरेको छ। यो प्रवृत्तिले नै यस समाजलाई सांस्कृतिक स्तर प्रदान गरेको छ भन्ने स्पष्ट छ। कलासम्बन्धी केही छोटकरी सन्दर्भ माथि परिसकेको छ। संगीतसम्बन्धी पक्षको व्याख्याको लागि भिन्नै अवसर उपयुक्त देखिन्छ। यहाँ साहित्यिक प्रवृत्तिबारे मात्र छोटकरी विवरण प्रस्तुत गरिन्छ।

किरात वर्गको भाषा बोल्ने उपत्यकाको समाजले संस्कृत जस्तो स्तरपूर्ण भाषा र साहित्यको सम्बन्ध धेरै अघिदेखि पाएको हो। संस्कृत भाषाको घनिष्ठ सम्पर्कमा परेर उपर्युक्त किरात भाषाले आजको (वा आजभन्दा झण्डै १००० वर्षजति अघिदेखिको) नेवारी भाषाको रूप लिएको देखिन्छ। यसरी भाषिक चारित्र्य बनेपछि साहित्यिक चारित्र्य पनि बन्न गएको देखिन्छ। नेवारी भाषाको साहित्यिक चारित्र्य पनि संस्कृत साहित्य वा वाङ्मयबाटै संरचित भएको देखिन्छ।

हिमालयको दक्षिणतर्फ विकसित किरात वर्ग (मंगोलायड) का भाषाहरूमा साहित्यिक स्तर प्राप्त गर्ने भाषाहरूमा नेवारीको प्रमुख स्थान रहेको छ। नेपालमा यस्तै आर्को भाषा लिम्बू मात्र हो तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसको साहित्यिक विकास त्यति धेरै भएको देखिँदैन जति नेवारीको भएको छ । भारततर्फ यस्ता कुनै अन्य भाषाले साहित्यिक विकासको यति लामो क्रम बनाउन सकेको छैन । यस रूपमा पनि नेवारीको साहित्यिक, सांस्कृतिक र बौद्धिक स्तर कति बनेको रहेछ स्पष्ट हुन्छ ।

भारतका आर्यभाषा-समूहका आधुनिक भाषा (हिन्दी, मराठी, बंगाली, गुजराती आदि) र नेपालको नेपाली भाषाको जुन किसिमबाट साहित्यिक विकास भएको देखिएको छ त्यही क्रम नेवारीको पनि भएको हामीलाई लाग्दछ । अर्थात् पूर्वमध्यकालतिरदेखि संस्कृत (वा त्यसकै अपभ्रंश भाषाका) साहित्यकै अनुवाद, टिप्पणी, व्याख्या र तिनकै विषयवस्तुलाई भाषामा प्रस्तुत गर्ने चलन नेवारीले पनि लिएको देखिन्छ ।~ उत्तरमध्यकालतिरदेखि मल्ल राजा र अन्य विद्वान्हरूले रचेका गीतिनाटकहरूमा भने नेवारी भाषाको स्वतन्त्र र मौलिक उपयोग हुन थालेको छ । तर त्यस्ता नाटकका कथानक भने संस्कृत साहित्यबाटै लिइएका हुन्छन् । केही मौलिक शृंगार रससम्बन्धी गीतहरू पनि यस बेलादेखि रचिन थालेको देखिन्छ । त्यसै बेलादेखि केही मौलिकताको गुण नेवारीमा आउन थालेको देखिन्छ । नेवारीमा गद्यको प्रयोग पनि त्यस्तै किसिमबाट भएको देखिन्छ । तर ईस्वीको पन्ध्रौं शताब्दीको पहिलो चरणमा यक्षमल्ल (ई. १४२८–१४८२) को समयदेखि राजकीय अभिलेखहरूमा पनि नेवारी गद्यको उपयोग हुन थालेको तथ्य महत्त्वपूर्ण छ ।@

यस विषयमा विस्तृत खोज गर्न सकिने सामग्री व्यक्तिगत संग्रहमा

~ यस विषयमा प्रस्तुत लेखकको लेख–A note on the Newari Language and Literature, Nepal–Antiquary, को अंक–२. मा प्रस्तुत भएको छ ।

@ यस विषयको संक्षिप्त समीक्षा परिशिष्ट–४ को लेखमा भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र राष्ट्रिय अभिलेखालयमा रहेका छन् ।+

आपातत: मूल्यांकन गर्दा नेवारी साहित्यले शास्त्रीय (सनातनी र बौद्ध) परम्पराको नैतिकतालाई जनभाषामा प्रस्तुत गरी समाजलाई सुसंस्कृत र प्रबुद्ध बनाउन योगदान दिएको देखिन्छ । मानवसमुदायको हितको लागि नैतिकताको जुन सन्देश शास्त्रहरूमा निहित छ त्यसैको विस्तार र प्रसार गर्ने काम नेवारी साहित्यले गरिआएको छ । यस्तो उद्देश्य लिएर मध्यकालतिरदेखिका देखिने अनुवाद साहित्य र मौलिक साहित्यका साहित्यकारहरूको नाम पत्ता लगाउने काम बाँकी नै छ र धेरैजसो त साहित्यिक समष्टिमा विलीन भएका पनि होलान् । तर आजभन्दा करीब एक शताब्दीअघिदेखि यस्तो काममा संलग्न रहेका केही साहित्यकारहरूको नाम भने यस सन्दर्भमा उल्लेख गर्न सकिन्छ ।

उक्त एक शताब्दीभित्रका प्रसिद्ध ज्ञात साहित्यकारमध्ये सर्दार हरिभक्त माथेमा (ई. १८२३–१८९५; सं. १८८०–१९५२), 'गद्यगुरु' पण्डित निष्ठानन्द वज्राचार्य (जन्म ई. १८५८), महाकवि सिद्धिदास अमात्य (ई. १८६७–१९३०), माष्टर जगत्सुन्दर मल्ल (जन्म– ई. १८८२) र कवि योगवीरसिंह (जन्म ई. १८८६) र धर्मादित्य धर्माचार्य (ई. १९०२–१९६३) आदि हुन् । नेवारी साहित्यको ऐतिहासिक पक्षको अनुसन्धान कार्य बढ्दै जाँदा अन्य अनेकन् साहित्यकारका देन थाहा पाइने विश्वास गरिन्छ ।

+ राष्ट्रिय अभिलेखालयमा भएका यस्ता केही लेखोट ग्रन्थहरूको यौटा उदाहरणात्मक विवरण परिशिष्ट–५ मा प्रस्तुत छ । यस किसिमको एक विवरण श्री चित्तधर हृदयज्यूले 'नेपालभाषा साहित्यया जात:' मा पनि प्रस्तुत गरेर ठूलो देन दिनुभएको छ । उहाँको आर्को महत्त्वपूर्ण लेख– 'धर्मादित्य धर्माचार्य व नेपालभाषा व थ्वया साहित्य' पुस्तकको १९–४३ पृष्ठमा प्रकाशित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधुनिक नेवारी साहित्यका विशिष्ट सेवकका रूपमा महाकवि सिद्धिदास अमात्य (ई. १८६७–१९३०) को उच्च स्थान रहेको मानिएको छ । सानाठूला, गद्य–पद्य, कथा (केही अनुवाद र ज्यादाजसो मौलिक रचना) गरी उनले ५० जति ग्रन्थको प्रणयन गरेको ज्ञात भएको छ ।[1] यीमध्ये ३५ को नाम अवगत भएको छ र तिनमध्ये अनेकको प्रकाशन पनि भएको छ ।[2]

सिद्धिदासका रचनाको सूची र तिनको शीर्षक मात्रै हेरे पनि उनको साहित्यिक चारित्र्य उच्चस्तरको देखिन आउँछ । शास्त्रीय मर्यादाका कट्टर पक्षपातीका रूपमा पनि उनको उल्लेखनीय स्थान रहेको देखिन आउँछ जुन मर्यादाको समाजमा प्रचार गराउने उद्देश्यले उनले आफ्ना अधिकांश रचना प्रस्तुत गरेको देखिन्छ । नेवारी भाषाको पहिलो ज्ञात व्याकरणका रचयिताका रूपमा पनि उनको नेवारी साहित्य र वाङ्मयप्रति ठूलो देन रहेको स्पष्ट देखिन्छ ।

विविधता र रचनाबाहुल्य सिद्धिदासको आर्को विशेषता हो भन्ने पनि देखिन्छ । यति विशाल (५० जति) ग्रन्थराशिका रचयिता नेवारीमा मात्रै हैन नेपाली साहित्यको इतिहासमा पनि कुनै एक व्यक्ति भएका छैनन् ।

सन् १९५० (सात साल)भन्दा अघि र हाल साहित्यसेवामा संलग्न अनेकन व्यक्तित्वले नेवारी साहित्यलाई आधुनिक चारित्र्य दिन उल्लेखनीय सेवा गरिआएका छन् ।[3] यस्ता व्यक्तित्वमा श्री चित्तधर

---

[1] फुलेन्द्रमान प्रधान– सिद्धिदास ह्लसीके, प्रेमबहादुर कसा सम्पादित लेखसंग्रह, च्वसापासा, काठमाडौं, सन् १९६७, पृ. १२.

[2] हेर्नू–परिशिष्ट–सं. ६ ।

[3] प्रस्तुत लेखकले हाल प्रकाशित रूपमा उपलब्ध केही ग्रन्थको उपलक्षणात्मक विवरण परिशिष्ट–८ मा प्रस्तुत गरेको छ । यस विवरणले ज्यादै आंशिक रूपमा मात्र भए पनि नेवारी साहित्यको वर्त्तमान स्वरूपको केही झलक दिन सक्ने आशा गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'हृदय' (जन्म– ई. १९०६) को सर्वोपरि स्थान रहेको देखिन्छ। 'सुगतसौरभ' महाकाव्यका रचयिताका रूपमा उहाँ महाकविको आदरणीय पदमा आसीन हुनुहुन्छ। साहित्यिक र साहित्यका सेवकका रूपमा उहाँ राष्ट्रिय स्तरमा सम्माननीय हुनुभएको छ। यसको यौटा उदाहरण उहाँलाई 'कविकेशरी'को पदवीद्वारा श्री ५ महेन्द्रबाट ई. १९५९ (सं. २०१३) मा विभूषित गरिनुको रूपमा देख्न सकिन्छ। उहाँको रचनाको वैविध्य पनि उत्तिकै देखिन्छ।

नेपालमा शिक्षाको क्षेत्र संस्थागत रूपले विकसित हुँदै जाँदा नेवारीले पनि शिक्षाको एक अंगको रूपमा स्थान पाई आएको छ। हाल हाईस्कूलदेखि एम्. ए. स्तरसम्म ऐच्छिक विषयको रूपमा नेवारी साहित्यको अध्ययन र अध्यापन कार्य चलिरहेको छ। यस ढंगबाट साहित्यिक विकासको लागि केही टेवा भएको अनुभव हुन्छ।

पत्रकारिता पनि आधुनिक नेवारी साहित्यको एक अंगको रूपमा विकसित भएको देखिन्छ। खास गरी साहित्यिक पत्रकारिता। यस पक्षको विश्लेषण यहाँ गर्न सकिएको छैन।

आधुनिक नेवारी साहित्यिक गतिविधिमा संलग्न प्रसिद्ध साहित्यकारहरू राष्ट्रभाषा नेपालीका पनि प्रसिद्ध साहित्यकारका रूपमा प्रतिष्ठित रहेका छन्। श्री केदारमान व्यथित, श्री सत्यमोहन जोशी, श्री माधवलाल कर्माचार्य, श्री कृष्णचन्द्रसिंह प्रधान, श्री सिद्धिचरण श्रेष्ठ आदि यस्तै राष्ट्रिय स्तरका साहित्यकार हुन्।

राष्ट्रभाषा र मातृभाषा दुवैमा साहित्यको सेवा गर्ने काम नेपालमा कमै भएको देख्दा प्रस्तुत उदाहरण उल्लेखनीय हुन आएको छ। यो क्रममा पहिलो स्थान ई. १८३० तिर भएका सुन्दरानन्द हुन् जस्तो लाग्दछ। महाकवि सिद्धिदास अमात्यले पनि नेपालीमा केही फुटकर रचना गरेको ज्ञात हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीपछिको दोस्रो साहित्यिक भाषाको रूपमा नेवारीको स्थान रहेको हुँदा यसको राष्ट्रिय महत्त्व स्पष्ट छ । यसैले यस भाषा र साहित्यको मूल्यांकन राष्ट्रिय परिप्रेक्ष्यमा गर्नु आवश्यक छ । यसतर्फ साहित्यकारहरूको ध्यान जानु अत्यन्त आवश्यक देखिन्छ । हामीले यो तथ्य स्पष्टसँग बुझनुपर्दछ कि याथातथ्यको दृष्टिले र राष्ट्रिय एकताको दृष्टिले पनि यस्तो क्रम वेगसाथ चल्नुपर्दछ । राष्ट्रभाषाको सर्वोपरि महत्त्व र गरिमाको छायाँमा जनभाषाहरूले विकास गर्न पाउनु आवश्यक छ भन्ने कुरामा कसैको दुई मत नहोला भन्ने हामीलाई लाग्दछ ।

—+—

परिशिष्ट–१

'नेवार जातको ऐन'

ई. १९३५ (अर्थात् सं. १९९२) सम्ममा अघिदेखि प्रचलित मुलुकी ऐनलाई ई. १९४८ (सं. २००५) सम्म भएका थपघट जतिलाई सोहीअनुसार मिलाई छापी पुनः ई. १९५२ (सं. २००९) मा त्यसको प्रकाशन भएको मुलुकी ऐनको पुरानो किताब हेर्दा थाहा पाइन्छ । नयाँ मुलुकी ऐन जारी हुनुअघि यही मुलुकी ऐन प्रचलित रहेको थियो । यो मुलुकी ऐन ५ भागमा नेपाली कागतमा प्रकाशित छ । त्यसको पाँचौं भागमा ७५ देखि ८२ पृष्ठसम्म यो 'नेवार जातको ऐन' छापिएको छ । त्यसैलाई यहाँ केही सम्पादन गरी विषय बुझनको लागि उद्धृत गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२ नं. ।। नेवार जातले ब्राह्मण, रजपुतबाहेक अरू तागाधारी जातकी कन्या विधवा जारी गरी ल्याएको र तागाधारी जातकी तागाधारी जातैसित बिग्रेकी आफू तेस्रो लिङ्ग परी ल्याइराखेकी स्वास्नी र यिनबाट जन्मेका सन्तान बाबुका जातमा मिल्छन्. विवाहितासरह अंश पाउँछन्. यिनै जातकी चौथोदेखि उँभो परी ल्याएकी र तागाधारी जातका तागाधारी जातभन्दा कम जातमा बिग्रेकी स्वास्नी राखी जन्मेका सन्तान पर्वते, ४० रुपैयाँदेखि घटी वा बढी विवाहखर्च पाउने मतवालीकी कन्या विधवा जारी गरी ल्याई उनबाट जन्मेका सन्तान **लवट** हुन्छ ।

३ नं. ।। नेवार जातले आफूभन्दा कम नेवारै जातकी स्वास्नी ल्याई उनबाट जन्मेका सन्तानले आमाको जातपट्टि लागिरहेका भए त्यस्ताले खतबात गरेमा आमाकै जातको ऐनबमोजिम सजाय गर्नू. आमाको जातमा मिलेको रहेनछ बाबुका जातभन्दा कम मात्र भएको रहेछ भने त्यस्ता **लवटलाई** बाबुकै जातको ऐनबमोजिम दण्ड सजाय गर्नू ।

४ नं. ।। नेवार जातको जतिफेरा विवाह गरी वा विवाहको रीत पुऱ्याई लैजान्छ, उतिपल्ट विवाहिता स्वास्नी सरहको ऐनबमोजिम गर्नू, विवाहको रीत नपुऱ्याई ल्याएकी र कन्या विधवा आफू दोस्रो लिङ्ग परी घरमा ल्याई भताहाले भात खाएको भए पनि विवाहखर्च पाउँदैन, विवाहखर्चको ऐनबमोजिम दण्ड मात्र हुन्छ, चौथो लिङ्गदेखि उँभो परी घरमा ल्याइराखेकी स्वास्नीको करणी गर्नेलाई विवाहखर्चको ३ खण्डको १ खण्ड दण्ड हुन्छ ।

५ नं. ।। नेवार जातका ११ वर्ष नाघेका स्वास्नीहरूको करणी संवन्धवाट भातमा बोरियो भनी कराउन आए भने जुन जातको भातमा बोरिएको छ, उसै जातका विवाह खर्चको ३ खण्डको २ खण्ड दण्ड हुन्छ, गलंज्याको पतिया भई भातमा लिने रहेछ भने करणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिनेलाई दण्ड हुँदैन ।

६ नं. ।। करणीको आशयले फकाउन लाउनेलाई जुन जातकी स्वास्नी फकाउन लाएछ, करणी हुन पाएको रहेनछ भने जुन जातकी स्वास्नी फकाउन लाएको छ, उसै जातको विवाहखर्चका ऐनबमोजिम सधवा फकाउन लाएको भए ३ खण्डको १ खण्ड, विधवा भए ६ खण्डको १ खण्ड, कन्या भए १२ खण्डको १ खण्ड दण्ड गर्नू, फकाउन जाने लमीलाई फकाउन लाउनेलाई हुने सजायको आधा सजाय गर्नू. फकाई करणी चुकाइदिएछ भने त्यस्ता लमीलाई करणी गर्नेलाई हुने दण्डको आधा दण्ड हुन्छ ।

७ नं. ।। नेवार जातकी स्वास्नीलाई करणीका आशयले हातपात गऱ्यो भनी स्वास्नी कराउन आई भने हातपात गर्नेलाई जुन जातकी स्वास्नीलाई हातपात गरेको छ, उही जातकीलाई लेखेको विवाह-खर्चको ३ खण्डको १ खण्डका हिमावले दण्ड गर्नू. पानी नचल्ने र छिटो हाल्नु पर्ने जातले पानी चल्ने जातकी स्वास्नीलाई हातपात गरेको भए १।। वर्ष कैद गर्नू. पानी नचल्ने र छोए छिटो हाल्नुपर्ने जातले हातपात गरेमा प्रायश्चित्त गराइदिनू, भात पानी चल्छ, हातपात गर्दा लोग्नेले वा स्वास्नीका माइतीले हात हाल्नेलाई कुट-पीट गऱ्यो भने अङ्गभङ्गको ऐनबमोजिम सजाय गर्नू, अङ्गभङ्ग भएको रहेनछ भने बात लाग्दैन ।

८ नं. ।। नेवारजात गैह्लकी विवाह गरी ल्याएकी र विवाहको रीत पुऱ्याई ल्याएकी स्वास्नी करणीमा विग्रेमा उसको लोग्नेले करणी गरेको देखी उसै थलामा करणी गर्नेलाइ कूटपीट गैह्ल गऱ्यो र जीउ जखम भयो भने करणी लिन लागेका थलैमा जीउ जखम गराएको हुनाले त्यस्तालाई कूटपीटको आधा सजाय गर्नू ।

९ नं. ।। नेवार जानमा जङ्गीमा अफिसरसम्मकी र निजामतीमा अड्डाका हाकिम भएका मानिसकी विवाह गरी ल्याएकी र विवाहको रीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुऱ्याई ल्याएकी स्वास्नीको कसैले जारी गऱ्यो भने त्यस्तालाई विवाहखर्चबापत कैद गरिदेऊ भने महिनाका ५ रुपैयांका दरले कैद गरी म्याद पुगेपछि छाडिदिनू ।

१० नं.॥ नेवार जातकी सधवा स्वास्नी पोइल गएमा स्वास्नी लैजानेसित विवाहखर्च लिई वा खत माफ गरी छाड्न हुन्छ. कचहरीमा फिराद परेपछि कायलनामा नहुँदासम्म माफ दिन्छु भने दिन पाउँछ, कायलनामा भइसकेको भए विवाहखर्च मात्र माफ दिन पाउँछ, दण्ड माफ हुँदैन ।

११ नं.॥ नेवार जातको विवाह गरी ल्याएकी र विवाहको रीत पुऱ्याई ल्याएकी सधवा स्वास्नीको राजीखुशीसँग कसैले करणी गऱ्यो भने ऐनबमोजिम विवाहखर्च भराई विवाहखर्चबमोजिम दण्ड गर्नू ।

१२ नं. ॥ नेवार जातमा

(क) नेपाली मल्ल जातको ८० रुपैयाँ

(ख) थरघर र असल श्रेष्ठ जातको भए ७० रुपैयाँ

(ग) असल श्रेष्ठदेखि मनि अरू श्रेष्ठ जातको र बाँडा उदासलगायत ज्यापुदेखि माथिका जातको भए ६० रुपैयाँ

(घ) ज्यापू जात र ज्यापूसरहका अरू गैह्र जातको भए ४० रुपैयाँ

(ङ) साल्मी, नकर्मी, छिपा, माली, खुसल, मुसल, डुँयाँ, चित्रकारी गैह्र यी ७ जात र यिनैसरहका अरू गैह्र जातको भए ३५ रुपैयाँ

विवाहखर्च भराउनू ।

१३ नं.॥ (क) कसाई, कुस्ले, कुलू, दोङ गैह्र पानी नचल्ने छिटो हाल्न नपर्ने जातको भए १५ रुपैयाँ

(ख) पोडे, च्यामाखलक लगायत गैह्र छिटो हाल्नु पर्ने जातको भए १० रुपैयाँ विवाहखर्च भराई ५ रुपैयाँ दण्ड गर्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४ नं.।। अर्कासित विग्रेकी स्वास्नी लैजान्छु भन्यो भने विवाहखर्चको ४ खण्डको १ खण्ड पशुवन तिराई लैजान दिनू, विवाहखर्च पाउँदैन, यस्ती स्वास्नी पछि पोइल गएमा लैजानेलाई दण्ड, विवाहखर्च केही लाग्दैन ।

१५ नं.।। विवाहखर्च तिरी ल्याएकी स्वास्नी पोइल गई भने अघिल्लाले तिरेबमोजिमको विवाहखर्च भराई विवाहखर्चबमोजिम दण्ड गर्नू ।

१६ नं.।। गर्भ, जायजन्म भएपछि र गर्भ रहेपछि गलंज्या ठहर्छ, गलंज्या भएपछि जात भातमा आउँदिन, गलंज्या भएको रहेनछ र गलंज्याको पतिया गरी जातमा लिई आएको जात रहेछ, उसका भताहा-हरूले आफूभन्दा घटी जातमा बिग्री तापनि गलंज्याको पतिया भए हामी भातमा लिन्छौं भनी मुचुल्का लेखिदिन्छन् भने लेखाई लिई भातको पतिया गराइदिनू लिंदैनौं भने घटी जुन जातमा बिग्रेकी छ, उही जात हुन्छे ।

१७ नं.।। पहिलोलाई दोस्रो, तेस्रोलाई पहिलो भनी बोल्ने वा करणीनै नगर्नेलाई पालेको ठहरे त्यस्ती स्वास्नीलाई उसै जातका विवाह-खर्चको आधा दण्ड गर्नू ।

१८ नं.।। लाखा सुपारी लाएका केटीमाथि अर्को विवाह गऱ्यो वा अरू स्वास्नी घरमा ल्यायो भने रीत दस्तुर भएको भए पनि त्यस केटी-लाई केटाको कर लाग्दैन, लिएको दस्तुर फिर्ता पनि गर्नुपर्दैन, लाखा लाएको हो भनी उजुर गर्नेलाई उसै जातकालाई लेखेको विवाहखर्चको ४ खण्डको १ खण्ड दण्ड गर्नू ।

१९ नं.।। नेवार जातकी विवाह नभई माइत रहेकी छोरीबेटी अरूसित बिग्रेकी रहिछ, सो कुरा आमा बाबु माइतीले थाहा पाएको रहेछ वा करणी लिने दिनेले जाहेर गरे भनेको रहेछ र अर्का कसैले त्यही केट्टी माग्न आउँदा सो बिग्रेको कुरा थाहा दिई थाहा पाई विवाह गरी लगेछ भने, माइतीलाई पनि अघि करणी गर्नेलाई पनि बात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाग्दैन, सो कुरा थाहा नदिई मागन आउनेलाई रीत दस्तुर खाई विवाह गरिदिएछ र विवाह गर्नेले पछि सो कुरा थाहा पाई केटी छाड्यो भने माइतीबाट ऐनबमोजिमको विवाहखर्च भराई आधि दण्ड गर्नू, केटी माइतीकै सपुर्द गरिदिनू. बिग्रेकी हो तापनि मै लैजान्छु भनी केटी लग्यो भने विवाहखर्च भराउनुपर्दैन, माइती-लाई दण्ड पनि हुँदैन ।

२० नं. ।। एकालाई विवाह गरी दिइसकेकीलाई उसको हक नछुटाई अर्कालाई दिनेलाई त्यसै दिनेबाट ऐनबमोजिम विवाहखर्च भराई दण्डसमेत गर्नू. दिई लैजानेलाई बात लाग्दैन ।

२१ नं. ।। बलामी जातकी विवाह गरी ल्याएकी र विवाहको रीत पुऱ्याई कन्या ल्याएकी सधवा स्वास्नीको कसैले जारी गऱ्यो भने अघि पिता पुर्खादेखि जार हानी आएकाले जार काट्न पाउँछ, नभए पाउँदैन. जार नहान्ने जात भए ६० रुपैयाँ विवाहखर्च भराई ६० रुपैयाँ दण्ड गर्नू. जारी काटी आएकाले जार काट्तिन, विवाहखर्च लिन्छु भन्यो भने ६० रुपैयाँ विवाहखर्च भराई दिनू, दण्ड पर्दैन. अरू कुरा परी आएमा यही महलमा लेखिएका ऐनबमोजिम गर्नू ।

२२ नं. ।। नेवार जातका गलंज्याको पतिया लिई आएको जातकी गर्भिणी स्वास्नी आफूभन्दा कम जातमा अर्कासँग बिग्री भने गर्भ पैदा भएपछि सो बालक मेरो वीर्यले गर्भ रहेको बालक हो, पतिया भए बालक जातभातमा लिन्छौं भनी भताहाले समेत मुचुल्का लेखिदिए भने भातको पतिया दिनू । अरूसँग बिग्रेपछि हामी भातमा लिन्नौं भने कर लाग्दैन, आमाको जातमा जान्छ ।

२३ नं. ।। नेवार जातकी विवाह गरेकी र विवाहको रीत पुऱ्याई ल्याएकी स्वास्नीमाथि सौता हाल्यो, खान लाउन नदिई घरबाट निकाला गरिदियो वा बेश्या राखी विवाहितालाई हेरेन अथवा लोग्ने चोरी गर्ने, दामल हुने, खत्रात गरी वा घर जहान छाडी भागी जानेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वास्नीहरू पाचुके गरीदेऊ भनी कराउन आए भने अदालत, ठाना, अदालतबाट पाचुके गराइदिनू ।

२४ नं. ।। नेवार जातको लोग्ने फकीर भयो, जातदेखि पतित भयो वा लोग्ने महारोगी, लुलो, कुँजो, अन्धो, लंगडो, नपुंसक, लाटो रहेछ भने त्यस्ताको स्वास्नी पाचुके नभए पनि माइतीले अरूलाई दिन र पोइल गए पनि लैजाने दिनेलाई खतबात लाग्दैन, विवाहखर्च पनि पाउँदैन ।

२५ नं. ।। आफ्ना काजले भोट मधेश परदेश जानेकी स्वास्नीलाई खान लाउनको बन्दोवस्त नगरी जानेका र विवाह मात्र गरी पछि डाक्न नपठाई हेरविचार पनि नगरी ३ वर्षसम्म दुःख काटी बसेका स्वास्नीहरूले ३ वर्ष नाघेपछि पाचुके गराइदेऊ भन्न आए र सो कुरो ठहऱ्यो भने पाचुके गराइदिनू ।

२६ नं. ।। लोग्ने बिरामी साह्रो भयो भनी वा स्वास्नीका ग्रहदशाले पिऱ्यो छाड्छु भनी दुवैको मञ्जूरीविना पार पाचुके गराउन हुँदैन ।

२७ नं. ।। पाचुके नहुने मुद्दामा पाचुके गराइदिनेलाई जुन जातकी स्वास्नी हो, उसै जातको विवाहखर्चको ३ खण्डको १ खण्ड दण्ड गर्नू । अड्डाबाट पाचुके गराईदिंदा १ रुपैयाँ दस्तुर लिई पाचुके गराइदिनू ।

२८ नं. ।। मीसाखतमा दण्ड हुने कुरामा र ऐनले पार पाचुके हुने मुद्दामा पिला भराउँदा दशौंद लिनू, बीशौंद लाग्दैन, नलिनू ।

२९ नं. ।। पोली साबित गर्न नसक्ने पोलाहालाई पोलाइमाग्नेलाई हुने सजायको आधा सजाय गर्नू ।

३० नं. ।। भराएकाको दशौंद लिनू, दण्ड हुनेमा बीशौंद लाग्दैन, नलिनू ।

३१ नं. ।। जित्नेसँग २।। रुपैयाँ सलामी लिई जितापत्र गरिदिनू ।

३२ नं. ।। यसमा १४ वर्षदेखि बढ्ता कैद नगर्नू ।

३३ नं. ।। जारीखतको सजाय गर्न नपाउनेमा पाउनुपर्छ भनी उजुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नेलाई ज्यान जात लिन पाऊँ भनेको भए ११ महिना, अरूथोक गर्न पाऊँ भनेको भए ६ महिना कैद गर्नू, विवाहखर्चमा भने नपाउनेमा पाउनुपर्छ भनी पक्रनेलाई त्यसले पक्रेका बिगोको र आफूले लिनुपर्नेभन्दा बढ्ता पक्रनेलाई बढ्ता पक्रे जतिको र आफूले दिनुपर्नेभन्दा घटी भन्नेलाई घटी भनेजतिको बिगोको आधि दण्ड गर्नू ।

३४नं.।। नेवारजातको व्यवहार चलाउने विषयमा स्थितिको इस्तिहार भएकाले सो विषयमा सोही इस्तिहारबमोजिम व्यवहार चलाउने गर्नुपर्छ, इस्तिहार भन्दा बढी लिने दिनेलाई लिइसकेको भए बढी लिएको फिर्ता गराई लिने दिने दुवै थरलाई बढी लिएका बिगोको आधि आधिका दरले दण्ड गर्नू, दिन पठाएको रहेछ, लिन भने पाएको रहेनछ भने दिन पठाउनेलाई बढी ठहरेका बिगोको ३ खण्ड-को १ खण्ड दण्ड गर्नू, लेखिएबाहेक इस्तिहारबरखिलाप गरी अरू कुरा गरेको भए हाकिमका तजवीजले ११ देखि २० रुपैयाँसम्म दण्ड गर्नू ।

परिशिष्ट–२

ई. १९३६ मा द्योमाजु ब्राह्मण र श्रेष्ठको रीति थिति

द्यौभाजु ब्राह्मण श्रेष्ठजातहरूका व्यवहारको किताब– श्री श्री श्री महाराज जुद्ध शमशेर जङ्गबहादुर राणाका हुकुम र कम्याण्डर इन-चीफ जनरल पद्म शमशेर जङ्गबहादुर राणाका मर्जि मुताबिक कौसल मार्फत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जारी भएको । सं. १९९३ पशुपति छापाखाना । पृ. ९.

इस्तिहार–

उप्रान्त हाम्रा रैति दुनियाँहरूले विवाह ब्रतवन्ध समेत इत्यादि वेवहार गर्दा मुनासीब माफीकको गर्नु पर्ने काम चलाउने आवश्यकीय काम मात्र नगरी अनेक किसिमबाट भडक बढाई काम काज गरे बाट ज्यादा खर्च हुन गई कोही दुनियाँको हालत कम् हुने र खर्च गर्न नसक्ने दुनियाँले व्यवहार चलाउन नसकी मडका पीर परेको व्यहोरा जाहेर भएको र अफिसर हाकिमहरूले पनि सो वारेमा खर्च घटाई व्यवहार चलाउन पाए हुँदो हो भनी विन्ति चढाएकोले समेत सवै दुनिआमा सुविस्ता हवस भन्ना निमित्त गर्नु-पर्ने विवाहा ब्रतवन्ध समेत व्यवहार गर्दा मुनासिब माफिककोसम्म खर्च गरी काम चलाउने गर्नालाई ठालु इज्जतदारहरू र अरूको समेत जजस्को राय झिकाउनुपर्छ झिकाई वन्दोवन्द मिलाई चाँडो जाहेर गर्नु भन्न्या हामी श्री ३ महाराजबाट हुकुम वक्से बमोजिम बिहावरी समेतको व्यवहारमा साबीक गर्ने गरी आएको रीत चलन खर्चमा कति कतिसम्म गर्ने गर्दा मुनासिब माफिक भै व्यवहार नरोकी काम चलने र पैसामा किफायत हुने हुन्छ साबिक गरी चलिआएकोमा घटाउने छोटचाउने समेत तजवीज गरी कौसलै मार्फत् जाहेर गर्नु भंन्या ३ सहरका ब्राह्मण द्यौभाजु ब्राह्मण क्षेत्री श्रेष्ठ जातहरू समेत इज्जतदार ठालु भलादमीहरूको नाउँमा १ छाप भै गये बमोजिम आफ्ना आफ्ना जातमा गरी चली आएकोमा घटाई छोटकिफायत साथ काम गरे पनि कर्मकाण्ड नछुट्ने भनी राय लेखि जाहेर गरेकोमा कुनैको कुनै किसिम कुनैको कुनै किसिम-सँग लेखिएको र सबै काम कुराको सवै रायमा पनि नपरेको सबैको मिलान भएको देखिएन तापनि व्यवहारमा खर्च घटाई काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न गराउनामा सबैको राए मिलां भएको देखिनाले राएमा एकै मिलान गर्न ब्राह्मण द्यौभाजु क्षेत्री श्रेष्ठ जातहरू जातपिछे १०/८ जनालाई कौसलमा राखी छलफल गर्दा आफ्ना आफ्ना जातमा गर्नु चलाउनु पर्ने देखासिखिले भडक बढाई आएका तपसीलका कुरामा तपसील बमोजिम छोटचाई किफाएत गरी गर्ने भएमा पनि कर्म-काण्डमा नछुट्ने अरू साबिकै गरी चली आए बमोजिम गरे हुने भन्न्या एकै राय कायम् भएको बेहोरा कौसल मार्फत् जाहेर भयो तसर्थ हाम्रा रैती दुनिञाहरूलाई सुविस्ता हवस भंन्ना खातीर तपसीलमा लेखिए बमोजिम द्यौभाजु र श्रेष्ट जातहरूले अब उप्रान्त व्यवहार गर्नेमा तपसीलका कुरामा तपसील बमोजिम र अरू कुरामा सावीक गरी चली आए बमोजिम गर्नु तपसीलका कुरामा तपसील बमोजिम भन्दा बढाई काम गर्नपाउँदैनौ सो भन्दा बढाई काम गरे गराएमा अदलका अँन बमोजिम सजाए हुने छ तपसीलमा लेखिएका काम काममा र सोदेखि बाहेक अरू काम काज गर्दा समेत कर्मकाण्ड नटुट्ने गरी भरसख किफाएत गरी व्यवहार छोटचाई गर्ने गरी पाउँ भनी हाकिम् अफिसरले जाहेर गरेको र छोटचाई काम चलाउने राय समेत लेखिदिए बमोजिम हुनसकेसम्म छोटचाई घटाई गर्ने गरी बक्सेकोछ अब उप्रान्त द्यौभाजु श्रेष्ट-जातहरूले काम काज गर्दा गराउदा यो इस्तीहारमा लेखिएकोमा नवढाई भरसख घटाइ काम चलाउनु यो भन्दा बढाई काम काज गरे गराएको ठहरे अदलका अँन बमोजिम सजाय हुने छ ...

तपसील

द्यौभाजु ब्राह्मणको

१. बालखको छैटी गर्दा फुपुले सगुन सराजामसम्म ल्याउनु फुपुलाई चोलो १ र नून कुरुवा १ मात्र दिने गर्नु ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. वालखलाई पास्नी गर्दा स्थान गणेश दर्सन् गराई ल्याउनु बाजा बजाई जात्रा गरी लैजान हुंदैन ...

३. सो पास्नीको र छेवर व्रतबन्धको समेत नींतो गर्दा आमा-पट्टि आमाको दीदि बैंन्हि मावली घर बाबुका घरको छोरी दीदि बैंन्हीहरूलाई चुल्है र अरूदाज्यु भाईहरूको छोरी बेटी २/२ जना अरू नातादारमा १/१ जनासम्म नींतो गर्नु...

४. वालखको जुन्सुकै उत्सवमा पनि पैला एक पटक वालखलाई र वालखको आमालाई लुगा जोर १ बाबुलाई वस्त्र १ टुक्रा सगुन सम्म पठाई दिनु दोश्रा बालखदेखी-लाई बालखलाई मात्र दिनु आमाबाबुलाई दिनु पर्दैन ...

५. छेवर गर्दा बालखलाई मावली घर १ ले पोसाक १ जोर दहि सहीत्को सगुन पठाउनु अरू केहि पठाउनु पर्दैन ...

६. व्रतबन्धको पुर्वाङ्गको दिनमा गुरु प्रोहित र आफ्ना छोरी वेटी जुवायी सम्म राखी काम चलाउनु अरूलाई डाकी खुवाउनु हुंदैन ...

७. वृतबन्ध गर्दा ब्रह्मचर्य्यमा रहने वालखलाई भोजन् गरा-उना निमीत्त हवीष्यको सराजाम र होम् गर्नालाई चरुको सराजाम समेत ब्रह्मचर्य्यमा रहेकाको मावली र सो वालखको आमाको दिदि बैंनी र आफ्ना घरका छोरी वेटीहरूले मात्र पठाउनु अरूले पठाउनु हुंदैन समावर्तनमा निमंत्रणा गर्दा भीक्षा पठाउने जतीलाई चुल्है र अरू नातादार १/१ जना सम्म निमन्त्रणा गर्नु सो भन्दा वढी निमन्त्रणा गर्नु हुंदैन ..

८. व्रतवन्ध गर्दा सगुन पठाउनेमा मावली घर १ ले मात्र वालखलाई लुगा जोर १ दही सहितको पुजाभाग १ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरू चुल्है निम्तो भएकाले दही कहतरा १ धोती १ पुजा-भाग लगी सगुन दिनु अरूले सगुन पठाउनु हुँदैन ...

९. वीहेको सुपारी दिंदा सुपारी गोटा १० दही कहतरा १ केरा कांग्यो १ सुनको टिका १ जनै जोर १ रुमालमा पोका पारी दिनु सो देखि बढी पठाउनु हुँदैन ...

१०. कल्लेह्लचाके गर्न पठाउदा लड्डु २४ कलेजो र तास कींखाप् कोईचीन् वाहेक अरू साधारण लुगा जोर १ दुलहीलाई खुवाउने भाग १ दही कहतरा २ सम्म पठाउनु सो भन्दा वढी पठाउनु हुँदैन ..

११. वीवाहा गर्नालाई काम कुरो छिनी वागदान भै सकेपछि लगन्का अघिल्ला दिन पुर्वाङ्गका दिन अरू नातादार बोलाई खुवाउनु पर्दैन पुरोहित ब्राह्मण १ आफ्ना जुवाईं छोरी वेटी मात्र बोलाई खवाउनु ...

१२. विवाहमा दुलहीलाई गहना दिदा सुन् तोला २ सम्मको आफ्ना गच्छे अनुसारको तीलहरी वा अरू गहना कन्न्या-दान सिधीएपछि दिनु लुगालाई तास किन्खाप कोयचिन् वाहेक अरू दुलहीले लाउन हुने लायकको १ जोरसम्म दिनु सो देखी बढी दिनु हुँदैन ...

१३. साईपाटा पठाउदा जातजातको रोटी किस्ती ४ फलफुल मसला किस्ती ४ उखु लाक्रा ४ लड्डु गोटा २४ सम्म राखी २ जना मानिसलाई बोकाई पठाउनु सोभन्दा बढी पठाउनु हुँदैन ..

१४. जन्त जाँदा वाजा भरिया लाने वाहेक आफ्ना नाता कुटुम्ब र इष्टमित्र समेत गरी १०० जवान भन्दा बढि लैजान र चाँदीको सामादान कनाट कार्नेस बाजा वजा-उन लगाई लैजान हुँदैन जन्त जाँदा भरसख दिऊसै जाने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नु राति भयमा डेलायत ४ सम्म र मैनवटी ४ र चिराक २५ सम्म वालि गुजराति रोसमको बाजा सम्म वजाउन लगाई लैजाने गर्नु ...

१५. बिहेको भोजमा निमतो गर्दा आफ्ना घरको छोरी वेटी र बिहे गर्नेको मावली र आमाको दीदी बहिनीहरूलाई चुल्है र अरू नातादार इष्टमित्र समेतलाई १, १ जना निन्त्रणा गर्नु ..

१६. विवाहको चतुर्थिका दिनमा मावली घरवाट दही कहतरा १ लड्डु २५ छोरी वेटीलाई पोसाक १ जोर जुवाञीलाई कपडा १ मात्र राखी सगुन पठाउनु सो देखि बढी पठाउनु हुँदैन...

१७. माथि लेखिए देखि वाहेक अरू कर्म काण्ड नटुट्ने गरी किफाएत साथ साविक गरी चली आया बमोजिम गर्नु ...

श्रेष्ठ जातको

१. छोरीवेटीको गर्भ रहदा पैला पटक मात्र माईत घरवाट दही च्युरा खुवाउन लैजानेमा दही १ च्युरापाथी १ रोटी मोरू १ फलफुल किस्ती १ सम्म लैजाने गर्नु सोभन्दा वढी लैजान पठाउन हुँदैन ...

२. सुतकेरी भएका ४ दिनपछी माइत घरबाट घ्युच्युरा खुवाउन पठाउन हुँदैन ...

३. बालख पैदा भएपछि माइतीघरलाई खबर पठाऊदा सिन्दुर सुपारी ल्वाङमात्र पठाउने गर्नु अरू माल सामान पठाउन हुँदैन ...

४. छैठीका दिन मनसुवा हुनेले रात जाग्राम गर्न हुन्छ फुपुले सो दिन आई बालख र आमालाई जथाश्रद्धा भेटीसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखी घरबाट जोरेकैबाट गर्नुपर्ने काम गरी आसिष दिने गर्नु फुपुले अरू व्यवहार लैजानु हुँदैन फुपुलाई चोलो १ र नुनसहितको सिसापालु मात्र दिने गर्नु

५. छोरी बेटीका पैल्हा छोरी वा छोरा १ को न्वारान गर्दा मावली घरबाट सम्म देहायमा लेखिएसम्मको सराजाम मात्र पठाउने गर्नु भोजको सराजाम समेत र अरू केहि पठाउनु हुँदैन पैल्हा छोरा पाई लेखिए बमोजिम बेवहार भए पछि छोरी पायो भने पठाउनु पर्दैन .. ..

पुजाभाग ... १ दहि कहतरा ... १ सरुवा चावल कुरुवा ... १ गाजलको बट्टा १ मासु सेर १ तेलसहितको बट्टुको १ च्युरा पाथी .. १ सुत्केरीके देछाय वस्त्र .. १

वालखके———

मिमिचालं ... १ घोटी चौथी बट्टा ... १ चम्चा ... १ चांदिको अंगुठी ... १ इचाके कपडा टुक्रा ... १ डसना ... १ सिरक .. १ सानु सुकुल ... १ मचाकठी नरकटको ... १ सुनको अंगुठी .. १ तोरी भरेको तकिया . १ × ×

पैल्हा सुतकेरी भएका छोरीबेटीलाई दिनेले

तेलमा लाउने लुगा जोर ... १

— — — — —

६. वालखको मुख हेर्न जानेमा र अंगुचा विचार जानेमा समेत मावलि मुख्य १ घरको लाग्ने मानिस स्वास्नी मानिससम्म जाने गर्नु वालखलाई जथाश्रद्धा भेटीसम्म चडाउनु अरू दाजु भाई इष्टमित्र नाता कुटुम्ब पनी नलानु नजानु जुवाञीका घरबाट पनी सो मुख हेर्न आउने मुखे मावली घरलाई समेत नुन् दिनु पर्दैन ..

वालखको पास्नीमा

७. वालखको भाई वैन्ही तर्फ भए दाजु भाई जम्मै मावली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घर गरि र दाजु भाई तर्फको छोरी भए छोरीका धनि मावली गर्ने गरी बालखको पास्नीमा निम्तो गर्दा मावली घर चुल्हे र अरू भिन्न भएका दाजुभाई छोरी जुवाञी भांजाभांजी समेतलाई माचाछी ह्मछी निम्तो गर्ने गर्नु चुल्है निम्तो जानेले दहि समेतको पुजा सराजाम १ बालखलाई लुगा वा कपडा गज १ मात्र लैजाने गर्नु सो भन्दा बढी र अरू लैजानु हुँदैन सो पास्नी हुने बालखलाई स्थान् गणेशको दर्शन गराउँन लैजाँदा बाजा राखी लैजानु हुँदैन ...

बालखको चुडाकर्म व्रतबन्धमा

८. दाजु भाई वैन्हीं तर्फ भए दाजु भाई जम्मै मावली घर गरी र दाजु भाई तर्फको छोरी भए छोरीका धनी मावली हुने हुनाले व्रतवन्ध चुडाकर्म गर्दा मावलिघर चुल्हे र अरू भिन्न भएका दाजु भाई र छोरी जुवाञी भान्जा भान्जीलाई ह्मछी माचाछी निम्तो गर्ने गर्नु चुल्है निम्तो जानेले कपडाको १ जोर मयलपोस सुरुवाल टोपी र सगन् दही समेतको पुजासराजाम १ मात्र लैजाने गर्नु मावली घरले सो देखि बढी अरूले सगुन् केही लैजान हुँदैन ...

बालखको पैल्हा जन्मोत्सवमा

९. मावली घरबाट दही समेतको पुजा भाग १ र कपडा गज १ मात्र पठाइदिने गर्नु सोभन्दा बढी पठाउनु हुँदैन जुवाञी घरले पनी सो ल्याउनेलाई १ छाक खुवाएर पठाए पनी हुन्छ अरू केही पठाउनु हुँदैन ..

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इहि गर्दा

१०. तास किनखाप कोयचिन रेसम बाहेक अरू लुगा सम्म गच्छे अनुसार लगाई कर्म चलाउनु सो कर्म चलाउदा जग्गेमा विधी गर्ने बाहेक मावली घरबाट सम्म बारांछुके गर्न पठाउनु अरू कुनै नाताले पनी बारांछुयके गर्न पठाउनु पर्दैन ...

कंन्य गुफा राखदा

११. छोरीबेटी बारांतय गर्दा दुलहाको घर बसेमा माइती घरवाट माइती घर वसे दुलहाका घरले गर्ने सो जानु पठाउनु पर्ने घरले सरुवा चावल पाथि १ चोलो १ दही सहितको पुजाभाग १ मात्र लैजाने गर्नु सो आउनेहरूलाईं भोज पनी खुवाउनु दसाहा दाजु भाई बाहेक अरू कुनै नाता निम्तो गर्न र भोज खुवाउनु समेत पर्दैन ...

विवाहको कुरा छिनी सुपारी दिदा

१२. देहाए बमोजिम मात्र लैजाने पठाउने गर्नु सो भन्दा वढी लैजान पठाउन हुँदैन——————

सींगो सुपारी– १०	मोहरू– १
माछा गोटा– १०	मीठाई किस्ति– १
फलफुल किस्ति– १	दहीसहितको पुजाभाग– १

१३. सो पठाउदा लमि साथैमा जाने हुदा भरिया जवान १ सम्म मात्र लैजाने गर्नु सो जवान सम्मलाई भोज पनी ख्वाउने गर्नु

लाखा दिदा

१४. लाखा दिदा लाखामढी १ एक सेर सम्मको अघि जति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जति थान् लिनेदिने गरी आएको छ उति उति थान् र लाखामढी जति थान् छ उति गोटा केरा, माछा र खावा माना २ दही कहतरा १ मात्र चलन् अनुसार पठाउनु पर्नेले पठाउनु भरिया ४ जना सम्मलाई बोकाई पठाउनु अरू केही पठाउनु हुँदैन ..

१५. दुलही हुनेलाई कल्ल्यान्ह्याके गर्न पठाउदा देहायमा लेखिएसम्मको सराजाम मात्र पठाउनु अरू केही पठाउनु पर्दैन कल्ल्यान्ह्याके गर्न आउने मानिसलाई केटिका तरफबाट जो चाहिने दस्तुर दि निजलाई र लमी भरियाहरूलाई समेत ख्वाई पठाउनु—

सगुन समेतको पुजा भाग–	१	कल्ल्या जोर–	१
दही कहतरा–	१	पाऊ आधा सम्मको	
घ्यू रिकापी–	१	कल्लेमढि गोटा २४ को	
च्यूरा पाथी–	१	मढि कसी–	१
		चिनीको रिकापी–	१

दुधङ्के छोए गर्दा

१६. दुको मिसालाई गहना लगाई पठाउनु हुँदैन ...

जन्त जानेमा

१७. देहाय लेखिए बमोजिम मात्र गर्नै गर्नु सो भन्दा बढी गर्न हुँदैन:—

क. चाँदीको सामादान लैजान हुँदैन ...

ख. जन्त जांदा वाजा भरिया बाहेक जम्मा मानिस बढीमा १०० यक्सए जवान् सम्म लैजाने गर्नु...

ग. जन्तमा चुरट् बाड्नु हुँदैन ..

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घ. कनाट कार्णेशको वाजा राखन हुंदैन ...

ङ. दुलही तर्फ मसाला बाडने चलन नभएकाले दुल्हा तर्फबाट जन्तमा वाड्ने र दुवै तर्फ बाडी दिनेमा दुल्हा तर्फकाले घरैमा बाड्ने गर्नु दुलही तर्फबाट जन्तमा बाडी दिने गर्नु ...

च. दुल्हा लैजानेले दुल्हा लैजान पाउँछ ...

छ. दुल्हा लैजान पर्नेले बाहेक अरूले म्याना लैजान हुँदैन ...

ज. मोटर बगी कसैले पनी लैजान हुँदैन ...

झ. जन्त जांदा मैनबत्ती ४ सम्म र चीराखमा २५ सम्म र प्याट्रोल लाल्टेन् ४ वटासम्म बाली वलिन्काठ वा डोली मात्र लैजाने गर्नु ...

गोए साएके गर्दा

१८. दुलही हुनेलाई तास किन्खाप कोयचीन कारचोपी सितरा बा सल्मा भरेको लुगा पछ्यौरा र गहना वालगीरिलि लाउन दिन हुँदैन ...

१९. दुलही हुने डोलिमा राखी ल्याउँदा डोलीमाथि तास वढाई लैजान ल्याउन हुँदैन ..

गोड् धुवाको निमतो गर्दा

२०. निम्तो दिदा दाजु भाई वैन्ही तर्फ भए दाजु भाई जम्मै मावलीघर गरी र दाजुभाई तर्फको छोरी भए छोरीका धनीतर्फ मावली गर्ने गरी मावलीघर चुल्है र अरूमा भिन्न भएका दाजु भाई छोरी जुवाई भान्जा भान्जि र अरू नभै नहुने सम्म माचाछि ह्माछि निमन्त्रणा गर्ने गर्नु सो निम्तोमा आएकाले श्रद्धा गर्छे अनुसार गोड्धुवा राखने गर्नु ...

२१. छोरी वेटीलाई दाइजो दिनेमा पनि सेप आलमाडी दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदैन अरू दाइजो मालहरू पनि सन्दुसभित्र हाली भरसक भारी घटाई पठाउने गर्नु सो भारी बोकनेहरूलाई ज्याला दिने वा भोज खवाउने जे गरे पनी हुँद्र अरू देहाएका माल दिने गर्नु:—

क. चाँदिको भाँडा र हस्तीहारको बट्टा सामानहरू बाहेक ढलौटे पितले वा तामाको भाडा वर्तन जोर— १

ख. काट्को सन्दुस र ट्रंक दिनु हुन्छ...

ग. चर्खा वइटा धनुष धातुको दिनुहुँदैन ..

दुल्हातर्फ भोज खवाउनेमा

२२. निम्तो दिदा दाजुभाई बैन्ही तर्फ भए दाजुभाई जम्मै मावलीघर गरी र दाजुभाई तर्फको छोरी भए छोरीका धनितर्फ मावली गर्ने गरी अरूमा भिन्न भएका दाजुभाई छोरी जुवाजी भांन्जा भान्जी र नभै नहुने किसिम्का इष्टमित्र सम्म निम्तो गर्ने गर्नु सो निम्तो गर्दा मावली चुल्है र अरू माचाछि ह्रछी निमन्त्रणा गर्नु चुल्है निम्तो वालाले बाहेक अरूले सगुन केहि लैजान पर्दैन मुख्य मावली घरले कपडा गज ३ र सगुन मात्र लैजानु अरू केहि लैजानु पर्दैन ...

२३. विवाहको भोजमा भोज खाई सकेपछि मुखसुद्धि मात्र दिने गर्नु टामढी भनी रोटी बाँडिने गरी आएको अब दीनु पर्दैन ...

सप्याके छोए गर्दा

२४. देहाय बमोजिम मात्र पठाउने गर्नु सो भन्दा बढी लैजान हुँदैन:—

क. छुस्यामुस्या सहितको तौमक— १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख. कल्ल्येमरी सहितको मढिकसी– १
ग. ठकुपिचा र ठकु– १
घ. सिन्दुर वट्टा पाट् बस्त्र टुक्रा– १
ङ. ऐना दुम्सिको कांढा मजुरको प्वाख– १
च. दही सहितको पुजाजोलें– १
छ. गोटा १ के १ सेर सम्मको कोंखोला चिकं खोला ज्वलान्हेकं सिह्लमु र सो राख्ने थाल १ समेत– १
ज. लुगा जोर एक– १
झ. फलफुल किस्ती– १
ञ. भत्तु नत्तु– १
ट. चीनि रिकापी– १
ठ. घ्यू रिकापी– १
ड. च्यूरा पाथी– १
ढ. सो माल वोकि जाने भरीया ३ देखी बढी पठाउनु हुँदैन ...
ण. ४ दिनाभत्र फलफुल मसलाहरू पठाउन र विचाकु पठाउनु समेत हुँदैन ..

मुख हेर्न जाँदा

२५. मामा र दसाहा दाजु भाई जुवाली भानिजसम्म र सो देखि बाहेक अरूमा २० विस जना सम्म लैजान हुन्छ सो भन्दा बढी लैजान जान हुँदैन ..

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लैजाने सराजाम:—

१. बाहि जोर–१
२. पुजा भाग–१
३. दही– १
४. मुख्ये घरले जडाऊबाहेक सुनको औंठी–१
५. तास किन्खाप क्वयचिन् रेसम र कारचोपी सितरा सलमा भरेको बाहेक अरू कपडाको लुगा जोर–१
६. लाखा मरी गोटा दुइ
७. अरू रोटि किस्ती–४
८. उखु लाक्रा १२ सम्मको मुठा–१
९. जातजातको मसला किस्ती–१
१०. पान किस्ती— १
११. देसि बाहेक अरू फलफुल किस्ती चार
१२. अरूले मुख हेर्दा श्रद्धा गर्छे अनुसार राखी मुख हेर्नें गर्नु असर्फि गीनि नोट कसैले पनी राखन हुँदैन सो जानेहरूलाई जुवाजी तर्फबाट पान् मसलाको सनमान् गर्नु चुरट् बाडनु हुँदैन

१३ मामातर्फबाट लुगा सगुन लैजाने चलन् भै आएकालाई अब लैजान पाउँदैन—

१४. मुख हेर्न निम्तो गरेका मानिसलाई दुल्हातर्फबाट पान मसला सम्म दिनु दुबै तर्फबाट भोज ख्वाउन र भाग दिन समेत हुँदैन–

१५. स्वास्नी मानिसले मुख हेर्न जान र कुनै किसिम गरी पठाउन समेत हुँदैन ...

१६ दुचाके गर्दा जुवाजीलाई नैनसुत खापीको २।×३ गज्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्मको पछ्यौरा १ मात्र दिनु सोदेखि वढी दिन हुँदैन

छोरीबेटीले दिक्षामन्त्र सुन्दा पठाउने

२६. सुन चाँदीको वाहेक अरू न्हिकबह सहितको पुजा सामान र वोका १ मात्र पठाउनु अरू केहि पठाउनु हुँदैन ...

देवालिमा

२७. पुजा सहीतको वोका १ मात्र पठाउनु अरू केहि पठाउनु पर्दैन

चाड्बाड्मा पठाउदा

२८. विवाहको कुरा छिनी सुपारी दी सकेको बिवाह नहुदै पर्ने चाडवाडमा ह्यपुजा समेत कुनै वेवहार गरी पठाउनु हुँदैन ..

भाई टिकाको कुछोए गर्दा

२९. देहाय बमोजिम् मात्र पठाउने गर्नु सो भन्दा वढी पठाउनु हुँदैन ..

१. दहि सहितको पुजा भाग–१ २. फुलको माला सगुन– १

३. तेलमा भिजाएको लामो वत्ती मुठा १. ४. रोटी किस्ती– १

५. विमिरा केरा फलफुल किस्ती–१

६. सो पुजा गरे वापत दिदि वहिनीलाई दक्षिना गच्छे अनुसार दिनु

७. भाईपुजा पछि माइतिवाट मार्ग सुदी १५ मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पठाउने लिकु पठाउने गर्नु हुँदैन नपठाउनू

३०. कुशे औंसि र मातातिर्थ औंसिमा आमा बावुको मुख हेर्ने असल हुनाले पान मसला लि दर्शन गरी आउने गर्नु अरू रोटी माल सामान समेत केहि लैजान हुँदैन ..

तिर्थ भोज गर्दा

३१. देश परदेसवाट आऊदा मुगी रहर ली हेर्न जान पर्दैन तिर्थ गरी आउनेले जल प्रसाद सम्म वाडनु ऐना वट्टा कपडाहरू समेत केहि राखि वाडनु पर्दैन तिर्थ श्राद्ध गरी छोरी वेटी जुवाजी भांजा भांजी दसाहा भाई र ब्राह्मण सम्म भोजन गराउनु हुन्छ अरूलाई वोलाउनु पर्दैन सो भोजमा जानेले केहि ली जान पठाउन हुँदैन ...

गुठी पालो गर्दा

३२. नातेदारहरू कसैले पनी मढितोपुये भनी रोटीहरू पठाउन र सगुन इत्यादि केहि लैजान हुँदैन ...

पौह्न जानके गर्दा

३३. मावली घर १ र गुरु प्रोहीत सह्लोदर दाजु भाईले मात्र बोलाई खान दिनु चोलो दिनू र अरूले वोलाई खुवाउन पर्दैन ...

वुढा वुढिको जङ्को गर्दा

३४. खाटमा राखि थान् गणेशका स्थान् सम्म लैजान हुन्छ खटमा तास किनखापले मोर्नु हुंदैंन पोंगा वाजा पञ्च बाजा वाहेक अरू वाजा राखन हुँदैन सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निम्तोमा जानेहरूले केही सगुन् लैजान हुँदैन ..

व्रत सांगे गर्दा

३५. प्रोहित ब्राह्मणहरू बोलाई घरैमा जो गर्नुपर्ने विधि गरी सांगे गर्नु अरू नातेदारहरूलाई डाकि भोज खुवाउन र नातेदारहरूबाट पालं जोलं लान समेत्र हुँदैन ..

मानिस मर्दा विचार जानेमा

३६. मर्नेको छोरी बेटी वाहेक अरू कसैले वाहीरबाट आई-माईहरू रोई जान हुँदैन ...

३७. विचार जांदा नाता वाहेक अरूले जानु हुँदैन नातागोता जानेले पनी भरसक नरोई समझाउने बुझाउने गर्नु ..

३८. दागवती सिद्धीय पछि फूकिहरूलाई खानु खुवाउनु पर्दैन लोकाचारमा दसाह भाईदेखीवाहेक अरूलाई र घरसुद्धिका दिन दसाहा दाजु भाईहरूलाई र मुर्दा बोक्ने गुठीहार सम्म खुवाउनु अरूलाई खुवाउनु पर्दैन .

व्यवहार पठाउनेमा

३९. गुरु प्रोहित दसाहा दाजु भाई र सोहि घरको आफना छोरी बेटी र माइती मावलीले मात्र बेवहार पठाउनु सो देखि वाहेक अरूले व्यवहार मदी विचा समेत पठाउनु हुँदैन ..

सपिण्ड ६ मैन्हे वार्षिक र वर्ष श्राद्धको निम्तो गर्दा

४०. बेवहार आउने जतिलाई चुल्है निमन्त्रणा र अरू नातादार १, १ जना र कामको मानिस देखि बाहेक अरूलाई भोज खुवाउनु हुँदैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घर देवालय बनाऊदा

४१. घर देवालये पाटि पौवा सतल बनाऊदा कसैले पनी पान मसला र अरू खाने सराजम समेत केही लगी खुवाउन पर्दैन ...

४२. बाहाल वाल मेजर कप्तान मिर सुव्वा सम्मका जागिरदारले आफ्नु वा भाई छोरा छोरी नाती नातीनी समेतको विहेमा मन्सुवा हुनेले कलरवाल छाता म्याना मोटर लैजान र दुलहा दुलहीलाई समेत लुगा दिनेमा आफु संग भएको जुनसुकै लुगा लगाउन दिन औ कनाठ कार्नेश बाजा बजाउन लगाई लैजान हुन्छ ..

४३. लेखिए देखि बाहेक अरू कुरामा साविक गरी चली आए बमोजिम गर्नु ..

४४. माथि दफा दफामा लेखिएका कां कांमा र सो देखि बाहेक अरु काम काज गर्दा समेत वेवहार छोटचाई गर्ने गरी पाऊ भनी हाकिम अफिसरहरूले बिन्ती गरेको र ठालु भलादमीहरूले लेखिदिएको रायमा पनी वेवहार छोटचाई पाऊ भनि लेखेकोले समेत वेवहार गर्दा कर्मकाण्ड नटुट्ने गरी हुन सकेसम्म छोटचाई घटाई गर्ने गरी बक्सेको छ माथि दफा दफाका कुरामा दफा दफा बमोजिममा नबढाई र अरू कुरामा समेत हुन सके सम्म छोटचाई घटाई गर्ने गर्नु —

४५. चौभाजु ब्राह्मण र श्रेष्ट जातले माथि दफा दफामा लेखिएका काम कुरामा दफा दफामा लेखिए भन्दा वढि किसिम सँग भडक बढाई काम काज गर्नेलाई अदलका अैन बमोजिम सजाय हुने छ सो सजाय गर्नालाई एकदम जाच गर्ने गर्दा काम रोकिदिने पनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्भव भएकाले तिन् सहर भीत्रकालाई पुलिसहरूले पाहाडकालाई अड्डाखानाहरूले देखिने कुरामा सम्म हेर-देख गरी रूल भन्दा बढाई भडक बढाई काम गरेको देखीएमा सो कामको मुख्ये मानिसलाई सुनाई काम चलाउन लगाई वढी काम गरेमा काम सकेपछि झिकाई अदलका अैन वमोजिम सजाय गर्नेछन् कामै रोकीने गरी जाच गर्न नपाउने गरी बक्सेकाले काम रोकन र बन्द भएका संदुस बाकसहरू खोली जाच बुझ गर्न गराउन हुँदैन...

इति सम्बत् १९९३ साल गते रोज शुभम् ।

परिशिष्ट–३

पाचुके

नेवार समाजमा प्रचलित पाचुके (Divorce) को चलन निकै पुरानो हो । यस सामाजिक व्यवस्थालाई प्राचीन कालदेखि मान्यता भै आएको देखिए पनि यसको वैधानिक रूपले लिखित र स्वीकृत नियमको सर्वप्राचीन रूप ई. १८५३ को ऐनमैं पाइन्छ। सो मुलुकी ऐनमा~ 'पाचुके गर्न्या' शीर्षकमा ९ दफा रहेका छन् । पाचुकेको सर्वप्राचीन रूप देखिने हुँदा त्यो खण्ड तल सारिएको छ :—

१. नेवार जातका स्वास्निलाइ लोग्न्याले पान लाउन दिदा दिदै र सौतार हालि घरवाट निकालि वा राजकाजले देस पर्देस टाढा जान्याका स्वास्निको वा अैनले पाचुके नहुन्या अरू कुरामा पाचुके गराइ देउ भनि अदालत ठाना अमालमा भन्न आया

~ श्री ५ सुरेन्द्र विक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन, पृ. ६४२–४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुपारि फर्काइ पाचुके गराइ जान पाउदैन. कसैले एस्तामा पाचुके गराया भन्या पाचुके गरि दियालाइ जौन जातका स्वास्निको पाचुके गरिदियाको छ उसै जातकालाइ लिथ्याका विहा पर्चका ३ षंडको १ षंड एस्तामा पाचुके गराउन लैजान्यालाइ ६ षंडको १ षंडका दरले दंड गरि लोग्न्याका सपुर्त गरिदिनु. स्वास्निले छाडि जान पाउदिन.

२. नेवार जातका गैन्हका विहा गन्याका र विहाको रित पुन्याइ ल्यायाका स्वास्निहरूमा लोग्न्या आफ्ना सर्कारिका राजकाजमा टाढा गया वाहेक आफ्ना काजले भोट मध्येस् पर्देस जादा स्वास्निलाइ पाना लाउनाको वंदोवस्त केहि नगरि जान्याका र स्वास्नि विहा गरि आफ्ना घर नल्याइ लोग्न्याले पान लाउन नदि ३ वर्ष सम्म दुःख काटि अनेत्रै वस्याका र विराना राजमा वसँ जान्याका स्वास्निहरूले हामि तेस् लोग्न्यासित वस्तौन पाचेकु गराइ देउ भंन आया भन्या अदालत ठाना अमालवाट पाचुके गराइ दिनु.

३. नेवार जातका चोरि गर्न्या दामल हुन्या षत वात गरि. घर जहान छाडि भागि जान्याका स्वास्निले हामि तेस लोग्न्यासित वस्तौन पाचुके गराइ देउ भंन्न आया अदालत ठाना अमालवाट पाचुके गराइ दिनु.

४. नेवार जातका विहा गन्याका र विहाको रित पुन्याइ ल्यायाका स्वास्निमाथि सौता हाल्यो षान लाउन नदि. घरवाट निकाला गरिदियो वा वेस्या राषि विहाइतालाइ हेरेन र स्वास्नि कराउन आइ भन्या अदालत ठाना अमालवाट पाचुके गराइदिनु.

५. नेवार जातका लोग्न्या फकिर भयो जात देषि पतित भयो भन्या पाचुके गराउनु पर्दैन माइतिले अनेत्र विहा गरि दिनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुंछ. पतवात लाग्दैन ।

६. नेवार जातका विहा गरि सक्या पछि लोग्न्या माहारोगि लुलो कुजो अंधो लगडो नपुंसक लाटो रहेछ स्वास्निले पाचुके गरिदेउ भन्न आया अदालत ठाना अमालवाट पाचुके गरि दिनु. लोग्न्याको कर लाग्दैन.

७. नेवार जातका विहा गर्न्या र विहाको रित पुर्‍याइ लैजान्या लोग्न्या विरामि भै सान्हो भयो भनि स्वास्नि तर्फवाट सुपारि फर्काइ छाडि जान पाउदैन. स्वास्निका ग्रह दसाले पिन्याको रहेछ यो स्वास्नि छाडछु भनि लोन्ग्या तर्फवाट पनि पार भइस् भनि पार दिन पाउदैन. वेरामिका वषतमा सुपारि फर्कायाको वदर हुंछ एस्ता पाचुके गरि दिन्यालाइ उसै जात्का विहा षर्चका ३ पंडको १ पंड पाचुके गराउन लैजान्यालाइ विहा षर्चको ६ पंडको १ पंड दंड गरि स्वास्नि जस्कि हो उसैका जिम्मा गरि दिनु.

८. नेवार जातका स्वास्निका अैनले पाचुके हुन्या मुद्दामा पाचुके गरि दिदा अदालत ठाना अमालवाट १ रूपैया दस्तुर लि पाचुके गरि दिनु. वढता नलिनु.

९. नेवार जातका मिसा पत्मा दंड हुन्या कुरामा र अैनले पार पाचुके हुन्या मुद्दामा पिरा भराउदा दसौद लिनु विसौद लाग्दैन. नलिनु.

परिशिष्ट–४

ऐतिहासिक सन्दर्भमा नेवारी भाषा र साहित्य

काठमाण्डू उपत्यकाले प्रतिनिधित्व गरिआएको नेपाली इतिहासलाई भाषाको दृष्टिले मूल्यांकन गर्दा हामी संस्कृत भाषाले महत्त्वपूर्ण ठाउँ ओगटेको देख्दछौं । आजसम्म पाइएका पुराना शिलालेख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत भाषामै लेखिएका छन् । मानदेव प्रथम (ई० ४६१–५०५) शिलालेख थाप्ने पहिला नेपाली राजा देखिएका छन् । ती राजाको पाला-देखि ई० ८८० मा नेपाल-संवत् थालिन्जेल जति शिलालेख थापिएका देखिएका छन् ती सबै संस्कृतमै लेखिएका छन् । यसरी त्यतिन्जेल थापिएका र समकालीन उत्तरभारतमा थापिएका शिलालेखहरूमा भाषाको दृष्टिले भेद देखिंदैन ।

प्राचीन र मध्यकालीन नेपालमा अहिलेझैं आर्यखलकभन्दा आर्येतर खलकका रैती धेरै थिए । यो थितिमा सरकारिया भाषाको रूपमा संस्कृतको चलन चलेको हुँदा यौटा आश्चर्जेको थिति देखिन्छ । अर्को आश्चर्जेको कुरो रैतीका केही वर्गले पनि संस्कृतमै शिलालेखहरू लेखाएकोमा छ । यसरी हेर्दा नेपाली इतिहासको लामो जुगसम्म संस्कृत बाहेक अर्को कुनै भाषा वा लोकभाषाको थिति अस्पष्ट देखिन आएको छ । यही क्रम ईस्वीको तेह्रौं शताब्दीको थालनीसम्म चलिरहेको देखिन्छ ।

इतिहासमा पहिलोपल्ट ने. सं. ३५३ (ई० १२३३) को वर्ष पाटननेर मोतीटारको जलद्रोणीमा लेखिएको शिलालेखमा क्रियापद समेत ६ नेवारीको सानो वाक्यको प्रयोग गरिएको छ ।※ हुन त यसमा पनि मिति र राजाको नाउँ जनाउँदा थालनीमा संस्कृतमै लेखिएको छ । पुछारमा पनि संस्कृतमै दुई शब्द 'शुभमस्तु जगताम्'

६ लिच्छविकालका शिलालेखहरूमा देखिने संस्कृतेतर शब्दहरू स्थान नामका रूपमा मात्रै देखिएका छन् । ती स्थाननामहरूले प्रतिनिधित्व गरेको भाषाको राम्ररी मूल्यांकन गर्न सकिएको छैन । तर त्यससंग नेवारी भाषाको पनि सम्बन्ध रहेको मान्न सकिएला जस्तो लाग्दछ ।

※ श्रीसूतीगल जल कुंलक्ष युक्त मुहान लस··· स्यनक··· युते प्रमुङा चित्तन जुया ·· जलँ ल्होङा जुरो । अभिलेख संग्रह-भाग २. पृ. १४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखिएको छ। जे भए पनि शिलालेखमा पहिलोपल्ट नेवारीको उपयोग भएको हुँदा यस साछीको ऐतिहासिक महत्त्व रहेको छ।

माथि चर्चिएको शिलालेख पछि ने. सं. ४५४ (ई. १३३४) को अभिलेख पाइन्छ जसमा नेवारीको धेरै प्रयोग छ। यो अभिलेख काष्ठ-मण्डपमा रहेको ताम्रपत्र हो।[1] यसमा बीच-बीचमा संस्कृत शब्दहरूको प्रयोग भएको छ ता पनि यसलाई समग्र नेवारी-अभिलेख भन्न सकिन्छ। १२ हरपको यो अभिलेखमा समग्र भागमा नेवारी लेखिएको हुँदा यौटा अचम्मको कुरो देखिन आउँछ। किनभने यसरी पूरा नेवारीमा लेखिएका अभिलेख धेरै पछि मात्रै देखिएका छन्।

स्थितिमल्लको उदयसाथै शिलालेखहरूमा बाहेक साहित्य रूपमा पनि नेवारीको उपयोग बढ्दै जान थालेको देखिन्छ। ई. १३५० मा सुल्तान शम्सुद्दीनको आक्रमणको बेलामा आगो लगाई बिगारिएको स्वयम्भूको प्रसिद्ध स्तूपको ई० १३७२ को वर्ष कान्तिपुर क्षेत्रका स्थानीय शासक राजहर्षमल्ल भल्लोकले जीर्णोद्धार गराएको सम्झनामा थापेको शिलालेखको पुछारमा एक हरप नेवारीमा लेखिएको छ।[2] यसपछि ने. सं. ५०२ (ई० १३८२) मा थापिएको इटंबहालको शिला-लेखमा पनि पुछारमा दुई हरप जति नेवारीमा लेखिएको छ।[3]

माथि हामीले नेवारी भाषा भनेर जुन भाषालाई अर्थ्याएका छौं त्यसको नाउँ किटेकोले अति महत्त्व हुन आएको र साहित्यको रूपमा

---

[1] मेडीभल नेपाल, भाग–३ पृ. १८–१९.

[2] ध्व आखर टाकर लोकरमी श्रीमानीगल य मुलमीस। स एव स्थान-या मुलमीस। ऐजन, पृ. १४.

[3] सपिण्डिस चोया ध्व देवस चक्रमस धर्मं निर्वाहिखं प्रज्ञा धातु जुल श्रीगोत्र समूहस पुटानपुटन ह्लाया जु··· त्रिरत्न··· रत्न शुभ। पूर्णिमा ७ पृ. ३५.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि नेवारीको पहिलो प्रयोग गरिएको हुँदा स्थितिमल्लको पालामा ने. सं. ५०६ (ई. १३८६) मा लेखिसिध्याइएको अमरकोशको नेवारी टीका भएको पुस्तकको ऐतिहासिक महत्त्व रहेको छ। स्थितिमल्लका मन्त्री जयतका छोराको अध्ययनको लागि लेखिएको अमरकोशको नेवारी अनुवाद भएको यस पुस्तकमा नेवारीलाई नेपालभाषा भनिएको छ।४ स्थितिमल्लका यिनै मन्त्री जयतको अध्ययन-ममनको लागि मानव न्यायशास्त्रको नेवारी टीका पनि लेखिएको थियो।५

माथि चर्चिएका दुई ग्रन्थहरूबाट ईस्वीको चौधौं शताब्दी पुछारतिर सरकारिया स्तरमा पुगेको वर्गले पनि मूल संस्कृत ग्रन्थहरूलाई अर्थ्याउँदा नेवारी भाषाको प्रयोग गर्न थालेको देखिन्छ। अर्को रूपमा भन्ने हो भने लोकभाषा वा मातृभाषामा अध्ययन अध्यापनको परम्परा त्यतिखेर थालिएको देखिन्छ। अनि अर्को महत्त्वपूर्ण कुरा नेवारी लिखित साहित्यको विकासको परम्परा अनुवादबाट थालिएको कुरा पनि यी दुई ग्रन्थहरूबाट थाहा पाइन्छ।६

आजसम्म थाहापाइए मध्ये नेवारी साहित्यको प्राचीनतम उदाहरणका रूपमा यी दुई ग्रन्थ नै देखिएका छन्।

माथि चर्चिएको अमरकोशमा भाषालाई नेपालभाषाको रूपमा उल्लेख गरिएको छ तापनि शिलालेखहरूमा भने यसको उल्लेख ई० १४१० देखि नै पाउन थालिन्छ। तर उक्त मितिअघिका अनेक शिलालेख-

---

४ मेडीभल नेपाल, १ पृ. ६३९ यसमा 'नेपाल भाषया विवृत्त' र 'मेपाल भाषा'को रूपमा नेवारी भाषाको नाउँ काटिएको छ।

५ ऐजन पृ. ६३८.

६ यी पुस्तकहरूकै समकालीन रचना मान्न सकिने अर्को पुस्तक गोपालवंशावलि हो। यसको पछिल्लो आधा भाग जति नेवारीमा लेखिएको छ। ऐतिहासिक घटनाहरूको टिपोटको संग्रह भएको यस पुस्तकलाई मौलिक नेवारी साहित्यमा राख्न सकिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूमा संस्कृत साथै नेवारीको अधिकाधिक प्रयोग हुन थालेको देखिन्छ। स्थितिमल्लको उदय हुनुअघिदेखि नै तत्कालीन राजनीतिमा महत्त्वपूर्ण ठाम ओगटेका महामन्त्री जयसिंहराम वर्द्धनको स्वर्गवास भएपछि तिनको नाउँमा पनौतीमा इन्द्रेश्वरको मन्दिरमा धर्मकार्य गरी त्यसको सम्झनामा ने. सं. ५२१ (ई. १४०१) मा इन्द्रेश्वरको मन्दिरमा राखिएको ताम्रपत्रमा थालनीका चौध हरप संस्कृत पद्यमा र १५ न्थ्रौंदेखि २१ सौं हरपसम्म नेवारीमा लेखिएको छ।~ यो तामापत्र लेखिएको दुई वर्षपछि ने. सं. ५२३ (ई १४०३) मा पशुपतिमा थापिएको अभिलेखको ऐतिहासिक महत्त्व यसको थापना गर्ने व्यक्ति दक्षिण भारतबाट आएको हुनमा छ। स्थितिमल्लका तीन जना छोरा धर्ममल्ल, ज्योतिर्मल्ल र कीर्तिमल्लको संयुक्त शासनकालमा दामोदर-भट्टका छोरा कृष्णभट्टले योगेश्वर महादेवको नाउँमा जग्गादान (?) गरेर थापेको यस अभिलेखमा पुछारका चार हरप जति नेवारीमै छ। ६ भट्ट थर लेखिएको हुँदा दामोदर र उनका छोरा कृष्णभट्ट दक्षिणभारतीय बाहुन हुन् भन्ने अड्कल गरिएको हो, शिलालेखमा नेवारीको उपयोग गरी दक्षिणभारतीय बाहुन खलकहरूले यहाँ आएर स्थानीय संस्कृतिमा कति चाँडै भिजिसकेका रहेछन् भन्ने कुरा स्पष्ट भएको छ। त्यसै मिति ने. सं. ५२३ (ई. १४०३) को पाटन धवुटोलको अभिलेखमा मिति र राजाको नाउँ चर्चेको भागबाहेक बाँकी जम्मै भाग नेवारीमै

~ पूर्णिमा, १४ पृ. १३०–१३१ जीर्ण हुँदा मिति थाहा पाउन नसकिएको द्यौपाटनको हरिहरमूर्तिनेरको अभिलेखमा पनि पुछारमा नेवारीको प्रयोग गरिएजस्तो देखिन्छ। यो अभिलेख जयसिंहराम वर्द्धनको नाउँ पनि लेखिएको हुँदा यो ने. सं. ५२१ को माथि चर्चिएको पनौतीको ताम्रपत्रभन्दा अघिको हो भन्ने देखिन्छ।

६ मेडिभल नेपाल, ३. पृ. ३९–४०.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखिएको छ ।+ ने. सं. (ई. १४०७) मा वनेपामा थापिएको सूर्यमूर्तिको पादपीठ-अभिलेखमा पनि नेवारी भाषाको यही थिति रहेको देखिन्छ ।× ने. सं. ५२७ (ई. १४०७) को फर्पिङको अभिलेखमा पनि पुछारमा रहेका केही हरपहरूमा संस्कृत मिसिएको नेवारी प्रयोग गरिएको छ ।◇

हामीले माथि नै भट्ट थर भएका बाहुनहरूले ने. सं. ५२३ मा थापेको अभिलेखमा नेवारीको प्रयोग गरिएको कुरा चर्चिसकेका छौं । यस्तै अर्को उदाहरण ने. सं. ५२८ (ई. १४०८) को अभिलेखमा देखिन्छ । पशुपतिनेर राजेश्वरी मन्दिरमा रहेको उक्त मितिको अभिलेख श्री राजभट्ट भन्ने मानिसले यज्ञ गरी विधिसाथ देवीको मन्दिर थापेको कुरा चर्चिएको छ । पन्ध्र हरपको यो शिलालेखमा थालनीका ७ हरप र पुछारका दुई हरप जतिमा संस्कृतबाहेक बीचका बाँकी हरपमा संस्कृत मिसिएको नेवारीको प्रयोग गरिएको छ ।※ लिखित साहित्यको माध्यमको रूपमा जनभाषा नेवारीको प्रयोगको थालनीको जुगमा विदेशबाट बसाइँ सरी आएका वर्गहरूले पनि त्यसैको उपयोग गरेका यी दुई ऐतिहासिक सन्दर्भहरूबाट नेपालको सामाजिक इतिहासको यौटा रूप पनि स्पष्ट हुन आएको छ ।

+ ऐजन, पृ. ४०.

× ऐजन, पृ. ४१–४२.

◇ मेडिभल नेपाल, ३. पृ. ४३–४४.

※ ऐजन, पृ. ४५. अभिलेख अलि खिइएको हुँदा यी राजभट्टको पूरा परिचय अर्थ्याउन अप्ठेरो छ तर तिनलाई अभिलेखमा पशुपतिका भक्त भन्ने विशेषण दिइएकोले र नाउँ अगाडि तीन श्रीको प्रयोग गरी मान गरिएको हुँदा तिनी पशुपतिका पुजारी हुन् कि भन्ने एउटा अड्कलसम्म काट्न खोजिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिखित साहित्यमा नेवारीलाई नेपालभाषा भन्ने गरिएको सन्दर्भ त माथि नै चर्चिसकिएको छ तर शिलालेखमा चाहिं पहिलोपल्ट यस नाउँको उल्लेख ने. सं. ५३० (ई. १४१०) को भक्तपुर तवमा-धिटोलको अभिलेखमा भएको छ।☉ राजा ज्योतिर्मल्लको पालामा कर्माचार्य ज्योतिचन्द्र मास, सहसराम मास र हरख मास आदिले आचार्य जशचन्दद्वारा यज्ञ गराई मन्दिर थापेको (?) सम्झनामा थापिएको १२ हरपको यस अभिलेखमा आठौं हरपसम्म संस्कृत श्लोक लेखिसकिए पछि 'अतः परं नेपालभाषा' लेखिएको छ। नेपालभाषा भनिएर पनि पहिलेका अरू शिलालेखहरूमा झैं यसमा पनि संस्कृत शब्द-हरूको उत्तिकै मिसोट देखिन्छ।

माथिको बयानबाट ई. १२३३ देखि ई. १४१० सम्मको २ शताब्दीको युगमा नेवारी भाषाको प्रयोगमा क्रमैसंग बढोत्तरी हुँदै आएको देखिन्छ। तर यहाँ यौटा कुरा उल्लेखनीय छ। तत्कालीन समाजमा मन्त्रीको तहसम्म र विदेशबाट हालसालै जस्तो बसाइँ सरेर आएका वर्गहरूसम्म नेवारीको प्रयोग लोकप्रिय भैसकेको देखिन्छ। तर राजखलकमा यस भाषाको के थिति थियो भन्ने सोधाइको जवाफ माथि चर्चिएको मितिसम्म थापिएका शिलालेखहरूबाट पाउन सकिएको छैन, वास्तवमा उक्त मितिको १८ वर्षपछि ई. १४२८ मा ज्योतिर्मल्लका छोरा यक्षमल्ल राजा भएपछि मात्रै राजाले थापेका शिलालेखहरूमा नेवारीको उपयोग हुन थालेको देखिन्छ। तर उक्त १८ वर्षको अवधि-भित्र थापिएका शिलालेखहरूमा पनि राजाले थापेका शिलालेखलाई छोडेर नेवारीको उपयोग झन् झन् बढ्दै गएको देखिन्छ। ज्योतिर्मल्लकै शासनकालको ने. सं. ५३० (ई. १४१०) को पाटन-अभिलेखमा पनि पहिलेका अरू अभिलेखमा झैं संस्कृत मिसिएको नेवारी भाषाको उपयोग

☉ ऐजन, पृ. ४६.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको छ ।∾ तिनै राजाका पालाको ने. सं. ५३५ ई. (१४१५) को पाटन दरबारमा भंडारखालको अभिलेखमा पनि आधा जति भागमा नेवारी नै लेखिएको छ ।※ यो अभिलेख पाटनका पात्र (स्थानीय शासक) येंकुलिवर्मन्‌ले भगवान् मणिकेश्वर महादेवको पूजा आजाको व्यवस्था गरी थापेका हुन् । यस साक्षीपछि र यक्षमल्लको पालाअघिको अवधिभित्र नेवारी भाषाको थिति बताउने चार अभिलेख र एउटा पाण्डुलिपि भेटिएका छन् । यस क्रममा पर्ने पहिलो प्रमाण ने. सं. ५३६ (ई. १४१६) को पाटन चिकंवहिल-अभिलेख हो ।◈ यसपछि दैवज्ञ ज्योतिराजले लेखेको ज्यौतिष ग्रन्थ (ज्योतिराजकरण) हो जो संस्कृत र नेवारी मिसिएको भाषामा लेखिएको छ ।⊙ ने. सं. ५४१ (ई. १४२१) मा लेखिएको यो ग्रन्थमाथि चर्चिसकिएका दुई ग्रन्थ (अमरकोषको नेवारी टीका र मानव न्यायशास्त्रको नेवारी टीका) झैं अनुवाद ग्रन्थमात्रै हैन भन्ने कुरा यस ग्रन्थको शीर्षक लेखककै नाउँमा राखिएकोले स्पष्ट भएको छ । अरू तीन अभिलेखहरू मध्ये ज्योतिर्मल्लको पालाको ने. सं. ५४३ (ई. १४२३) को काष्ठमण्डप मन्दिरको ताम्रपत्र एउटा हो ।§ यसमा त आधा जति भाग नेवारीमै लेखिएको छ तर यसपछिको अर्को अभिलेख ने. सं. ५४७ (ई. १४२७) को पाटन राजदरबारको भंडारखालमा रहेको अभिलेखमा पुछारका दुई हरपमा मात्रै नेवारीको प्रयोग गरिएको छ ।+ तर यही ने. सं. ५४७

∾ ऐजन, पृ. ४७.
※ ऐजन, पृ. ४८.
◈ ऐजन, पृ. ५३.
⊙ ऐजन, भाग–१ पृ. ६३८.
§ ऐजन, भाग-३ पृ. ५४–५५.
\+ ऐजन, पृ. ५५–५६.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ई. १४२७) मितिको पाटन इटंबहिलको ताम्रपत्रमा रहेका १४ हरप-मध्ये थालनीका तीन हरपमा राजा ज्योतिर्मल्ल र पाटनका तत्कालीन मुख्य पात्र राजसिंह मल्लदेव वर्मन्का नाउँ र लामो उपाधि संस्कृतमा लेखिएको छ। त्यसपछि राजसिंह मल्लदेव वर्मन्को र उनका अरू चार भाइ पात्रहरूको नाउँ र उपाधि मात्रै संस्कृतमा लेखिएको छ तर त्यसमा पनि नेवारी विभक्तिकै प्रयोग गरिएको छ। त्यसपछि आठौंदेखि चौधौं हरपसम्म पारिभाषिक शब्दहरू बाहेक अरू सबै नेवारीमै लेखिएको छ।☉

मध्यकालीन नेपालका प्रतापी राजा यक्षमल्लले शासन गर्न थालेको (ई. १४२८) १३ वर्षपछि लेखाइएको ताम्रपत्रको ऐतिहासिक महत्त्व छ। ने. सं. ५६१ (ई. १४४१) मा आफ्नी आमा (ज्योति-र्मल्लकी रानी) संसारदेवीको स्वर्गवास भएपछि तिनको नाउँमा पशु-पतिमा तिनको सालिक थाप्नु बाहेक अरू अनेक धार्मिक व्यवस्था गरेको बयान लेखिएको २२ हरपको यो अभिलेखका थालनीका ६ हरपमा मात्रै संस्कृतको उपयोग गरिएको छ।~ बाँकी सोह्र हरपहरूमा चाहिं नेवारीकै उपयोग गरिएको छ। हुन त यस अभिलेखमा नेवारी भागलाई संस्कृत भागसंग छुटाउन गर्न 'नेपालभाषा' जस्तो शीर्षकको प्रयोग भएको छैन तैपनि नेपालको इतिहासमा पहिलोपल्ट राजाले थापेको अभि-लेखमा नेवारीको प्रयोग गरिएको हुँदा यस अभिलेखको ऐतिहासिक महत्त्व रहेको कुरो स्पष्ट भएको छ। यक्षमल्लले नै थापेका अरू तीन शिलालेखहरूमा पनि माथि चर्चिएको अभिलेखमा झैं नेवारीको प्रयोग गरिएको छ। यी तीन अभिलेखहरूमध्ये एउटा भादगाउँ तवमाधिटोलको

☉ ऐजन, पृ. ५६-५७.

~ ऐजन, पृ. ५८-६१.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ने. सं. ५६१ (ई. १४४१) कै मितिको अभिलेख हो।५ पैंतालीस हरपको यस शिलालेखमा ३४ सौं हरपमा 'नेपालभाषा' शीर्षक लेखी त्यसपछिका हरपहरूमा नेवारीमैं बयान लेखिएको छ। आर्को अभिलेख भादगाउँ–राजदरबारमा टाँसिएको ने. सं. ५७३ (ई. १४५३) को ताम्रपत्र हो।६ भादगाउँ शहरलाई किल्लाको रूपमा बनाएपछि त्यसको सुरक्षाको व्यवस्था बाँधी लेखाइएको ताम्रपत्रमा जम्मा ३७ हरप छन् तिनमध्ये थालनीका १६ हरपमा मात्रै संस्कृत लेखिएको छ बाँकी २१ हरप चाहिं नेवारीमा लेखिएका छन्। प्रशासनिक खालको यस अभिलेखको आर्को महत्त्व पनि छ। लिच्छविकालमा जयदेव द्वितीय (ई. ७१३–७३३) को समयपछि भेटिएको पहिलो प्रशासनिक खालको अभिलेख यक्षमल्लले थापेको माथि चर्चिएकै अभिलेख देखापरेको छ। अनि प्रशासनिक खालको शिलालेखमा लोकभाषा नेवारीको प्रयोग गरिएको पहिलो नेपाली अभिलेखको रूपमा यसको आर्को महत्त्व स्पष्टिएको छ। यक्षमल्लले थापेको आर्को अभिलेख पनि भादगाउँमैं रहेको छ। ने. सं. ५८८ (ई. १४६८) को मितिको यो अभिलेखमा यक्षमल्लले आफ्ना स्वर्गवासी छोरा राजमल्लको सम्झनामा छोराको जिउ जत्रै सुनको विष्णुको मूर्ति थापेको र अरू अनेक चिरस्थायी स्मृतिको निर्माण गरेको कुरो लेखिएको छ।७ यसमा चाहिं थालनीका ६ हरपमा संस्कृत लेखी त्यसपछि बीच-बीचमा संस्कृत र नेवारी दुवै भाषाको प्रयोग गरिएको छ। यी राजाको शासनकालमा ने. सं. ५८२ (ई. १४६२ मा) नेवारी मिसिएको संस्कृतमा लेखिएको एउटा ज्योतिष

---

५ ऐजन, पृ. ६३–६७.

६ ऐजन, पृ. ७३–७६ पूर्णिमा, २. पृ. २३-२६.

७ मेडिभल नेपाल, ३. पृ. ८०–८२.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थ 'स्वरोदयदशा' को रचना पनि गरिएको थियो।[४]

यक्षमल्लको नेवारी भाषाप्रति रहेको नीतिको प्रभाव उनको पालामा थापिएको शिलालेख र ताम्रपत्रहरूमा पनि देखिन्छ। तिनको शासनकालमा थापिएका ६ अभिलेखहरूमा संस्कृतपछि थोरधेर नेवारी लेखिएको छ।[५] यीमध्ये ने. सं. ५८५ (ई. १४६५) को काष्ठमण्डप ताम्रपत्रमा नेवारी भाग थालिनुअघि 'अथ नेपालभाषा' शीर्षक लेखिएको

---

[४] ऐजन, १. पृ. ६३८.

[५] क. ठिमी महादेव मन्दिरको ने. सं. ५६१ (ई. १४४१) को अभिलेख–ऐजन, ३ पृ. ६१–६३

ख. पाटन मूवहालको ने. सं. ५६७ (ई. १४४७) को अभिलेख–ऐजन, पृ. ६८–६९.

ग. लुभु नारायण मन्दिरको ने. सं. ५७२ (ई. १४५२) को अभिलेख–ऐजन, पृ. ६९–७१.

घ. साँगाको ने. सं. ५७३ (ई. १४५३) को गणेश मूर्ति अभिलेख–ऐजन, पृ. ७१–७२.

ङ. ने. सं. ५७३ (ई. १४५३) को पशुपति ताम्रपत्र-ऐजन, पृ. ७२-७३.

च. काठमाण्डू टेबहालको ने. सं. ५८३ (ई. १४६३) को सूर्यमूर्ति अभिलेख–ऐजन, पृ. ७८.

छ. काष्ठमण्डपको ने. सं. ५८५ (ई. १४६५) को ताम्रपत्र–ऐजन, पृ. ७९–८०.

ज. पशुपति मन्दिरको ने. सं. ५९१ (ई. १४७१) को शिलालेख–ऐजन, पृ. ८२–८५.

झ. चापागाउँको ने. सं. ५९२ (ई. १४७२) को जन्हुँ अभिलेख–ऐजन, पृ. ८५.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ ।+ नारायण भट्टको ने. सं. ५९१ (ई. १४७१) को पशुपति अभिलेखमा चाहिं नेवारी भागको थालनीमा 'अतः परं देशभाषा' को शीर्षक लेखिएको छ ।ꕥ यस प्रमाणवाट नेवारीलाई 'नेपालभाषा' वाहेक 'देशभाषा, दुवै किसिमको मान दिइएको देखिन्छ । यस अघि 'नेपालभाषा' लाई 'देशभाषा' भनेर अथ्र्याइएको थाहा पाइएको छैन ।

माथिको चर्चावाट तेह्रौं शताब्दीमा राजा अभयमल्लको पालादेखि पन्ध्रौं शताब्दीमा राजा यक्षमल्लको पालासम्मको जुगमा नेवारी भाषाको क्रमैले विकास हुँदै गएको देखिन्छ । यो यौटा ऐतिहासिक संजोग हो कि लिच्छविकालपछिका राजनीतिक अनिश्चितताहरूलाई हटाई उपत्यकाको राज्यलाई शक्तिशाली पार्ने राजा स्थितिमल्लको शासनकालमैं नेवारीलाई लिखित साहित्यको माध्यमको महत्त्व पनि प्राप्त भएको देखिन्छ । त्यही लिखित साहित्यमा नेवारीलाई 'नेपालभाषा' को रूपमा मान्यता प्राप्त भएको हुँदा स्थितिमल्लको शासनकालको ऐतिहासिक महत्त्व स्थानीय र लोकभाषालाई राष्ट्रिय मान्यता दिनुमा रहेको छ । स्थितिमल्लकै छोरा ज्योतिर्मल्लको पालामा पहिलोपल्ट शिलालेखमा नेवारीलाई 'नेपालभाषा' भनिएको देख्दा त हामी फन् स्पष्ट स्थितिमा आइपुगेका हुन्छौं । अनि ज्योतिर्मल्लका छोरा यक्षमल्लको पालामा नेवारीले राजकीय अभिलेखमा ठाम पाउनासाथै पहिलेदेखि पाईआएको 'नेपालभाषा' को मान्यता बाहेक 'देशभाषा' को आर्को महत्त्व पनि पाएको देख्दछौं । यसरी लोकभाषाको सन्दर्भमा मध्यकालले राष्ट्रिय जागरणको एउटा खुड्किला चढेको देखिन्छ ।

यक्षमल्लपछि ई. १७६८ सम्म मल्ल राजाहरूले पनि नेवारीलाई पहिलेझैं 'नेपालभाषा' र 'देशभाषा' को रूपमा मानी आफ्ना शिला-

---

+ ऐजन, पृ. ७९–८०.

ꕥ ऐजन, पृ. ८२–८५.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखहरूमा त्यसको अधिकाधिक प्रयोग गर्नु बाहेक काव्यात्मक अभिव्यक्तिको माध्यमको रूपमा पनि त्यसलाई सकारेका थिए। यसैले नेवारी भाषाको विकासको दृष्टिले मल्लकाललाई 'सुवर्णकाल' भन्न सकिन्छ।

ई. १७६४ मा पृथ्वीनारायण शाहले उपत्यका जितेपछि हिजाजसम्म पनि नेवारी भाषाको विकासको कमी भएको देखिंदैन। यसै युगमा पहिलेकै परम्परामा धार्मिक ग्रन्थहरूका अनुवाद गर्ने परम्परा रहिरहेकै देखिन्छ। साथै पुस्तकहरूको प्रकाशन पनि यसै युगमा थालिएको हुँदा नेवारी भाषाको विकासलाई नयां आयाम प्राप्त भईरहेको छ।

(भेरी साहित्य विकास समितिको 'सिर्जना', वर्ष–१. अंक–१. फागुन–२०३१. पृ. २७–३७. बाट साभार)

परिशिष्ट–५

नेवारीका केही पुराना ग्रन्थ

राष्ट्रिय अभिलेखालयमा भागवतको विभिन्न अंशको नेवारी अनुवादका प्रति रहेको थाहा पाइन्छ। ६ तिनको विवरण तल बमोजिम छः–

१. १०३ पत्रको दशम स्कन्ध मात्रको अनुवाद। आदि र अन्त्यमा खण्डित यो प्रतिमा मितिको उल्लेख र लेखकको नाम पनि छैन। ◐

२. पूर्ण विवरण प्राप्त हुन नसकेको ८९ पत्रको भागवतको कुनै अंशको अनुवाद। +

---

६ बृ. सू. प. ८. पृ. १४३–१४४.

◐ ऐजन, पृ. १४३.

+ ऐजन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. ऐजन जस्तै ४६ पत्रको अपूर्ण प्रति ।❖
४. सातौं स्कन्धमात्रको अनुवाद । ३४ पत्र । केही खण्डित ।×
५. दशम स्कन्धको अनुवाद । ११५ पत्र । केही खण्डित ।◇
६. ४५५ पत्रको विशाल आकारको यो प्रति केही खण्डित भए पनि महत्त्वपूर्ण छ किनभने यसमा ई. १५०५ (नेपाल संवत् ६२५) को मिति उल्लिखित छ ।✿

मार्कण्डेयपुराण– १. को नेवारी अनुवाद, ई. १६१७ (नेपाल सम्वत् ७३७) को पूर्ण प्रति, वृ. सू. प. ८. पृ. २३९.
२. यसैको आर्को पूर्ण प्रति ई. १७१७ (ने. सं. ८३७) को छ, वृ. सू. प. ८. पृ. २४०.
३. १८३ पत्रको आर्को अपूर्ण प्रति, वृ. सू. प. ८. पृ. १४०.

अध्यात्मरामायण– को नेवारी अनुवाद । अपूर्ण । वृ. सू. प. ८. पृ. ३३५.

अध्यात्मरामायण– को नेवारी अनुवाद । १८२ पत्रको उत्तरकाण्ड-मात्रको यो अनूदित प्रतिमा ई. १७५० (ने. सं. ८७०) को मिति उल्लिखित छ, वृ. सू. प. ८. पृ. ३३५.

अध्यात्मरामायणको नेवारी अनुवाद, वृ. सू. प. ८. पृ. १५. ३२२ पत्रसंख्याको अपूर्ण र खण्डित प्रति ।

कथासंग्रह– नेवारीमा 'प्रकीर्ण' रूपमा लेखिएको यो ग्रन्थ १० पत्र मात्रको छ र तिथिमिति रहित छ, वृ. सू. प. ८. पृ. ३२.

❖ ऐजन.
× ऐजन, पृ. १४४.
◇ ऐजन.
✿ ऐजन.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराणको सूचीपत्रमा संलग्न रहेकोले यो कथासंग्रह पौराणिक कथाको नेवारीमा संग्रह गरिएको बुझिन्छ ।

कृष्णचरित– पत्रसंख्या-२९५ रहेको यो ग्रन्थ ब्रह्मपुराण अन्तर्गत रहेको 'कृष्णचरितम्' को नेवारी अनुवाद देखिन्छ लेख । न र प्रतिलिपिकाल अज्ञात र अनुवादकको नाम पनि अज्ञात रहेको छ, वृ. सू. प. ८. पृ. ४२.

धर्मलक्ष्मीसंवाद– पत्र ५ को तिथिमिति रहित नेवारी अनुवाद, वृ. सू. प. ८. पृ. ७१. ऐजन, पृ. ७० मा 'धर्मलक्ष्मीसंवाद, [गो. भा. ने. भा.] लेखिएकोमा गो. भा. को पूर्ण रूप गोर्खाली भाषा र ने. भा. को पूर्ण रूप नेवारी भाषा नै हो भने दुबै भाषामा अनुवाद भएको यो संयुक्त ग्रन्थ रहेको देखिन आउँछ ।

ब्रह्मपुराण– को नेवारी अनुवाद । उक्त पुराणको 'कण्डूपाख्यान' सम्मको यो अनुवाद हो। ई. १६९५ (नेपाल संवत् ८१५) मा सारिएको यो प्रति देखिन्छ–वृ. सू. प. ८. पृ. ९१. यसको पत्रसंख्या– ८४ देख्दा यो निकै ठूलो अनुवाद ग्रन्थ देखिन्छ ।

परिशिष्ट–६

महाकवि सिद्धिदास अमात्यका ज्ञात रचना

(ई. १८६७–१९३०)

१. प्रेमसागर (अनु.)
२. सिद्धिरामायण
३. सत्यसति
४. सज्जनकण्ठाभरण
५. सत्यऋण
६. सरल श्रुतवोध

१९. सह्लासाहुति
२०. सनातनधर्म
२१. सप्तस्तुति
२२. संगसुमन
२३. स्वंगू गुण
२४. सकतां मा:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. शारदा भजन
८. सुखदु:ख
९. बिजुली
१०. संग दोष
११. साधारण धर्म
१२. सर्वभक्ति
१३. सदां लिला:
१४. सज्जन हृदयाभरण
१५. सतनीति
१६. सप्तविवाद
१७. संवाद
१८. सकतां

२५. स्वंगू ऋण
२६. शुकरम्भा संवाद
२७. स्वदेश वस्त्र
२८. सर्वबन्धु
२९. सर्वकर्म
३०. संचय
३१. सत्य मदन
३२. सिद्धिव्याकरण
३३. शिवपिनास
३४. सूक्ष्म छन्द
३५. शिवविलास (बाखं)

परिशिष्ट–७

आधुनिक नेवारी साहित्यको संक्षिप्त विवरण

नेवारी साहित्यका विविध विषयका १६५ ग्रन्थहरूको विवरण

१. अनागारिका, उत्पलवर्णा– **बुद्धयात गथे ह्मसीकेगु**, १४ बौद्ध कथाहरूको अनुवाद, पाटन, १९७३ (पृ. ११०).

२. अनागारिका, धम्मवती– **बुद्ध–धर्म**, बौद्ध, २ सूत्रहरूको अनुवाद, काठमाडौं, १९७१ (पृ. २८).

३. अमात्य महाकवि, सिद्धिदास– **सिद्धिव्याकरण**, नेवारी भाषाको व्याकरण, रचनाकाल–१९२६.

४. अमात्य, सिद्धिदास– **सत्यसती**, खण्डकाव्य, समीक्षात्मक भूमिका– चित्तधर हृदय, प्र. सं. काठमाडौं, सन् १९६३, दोस्रो संस्करण, लुमन्ति खल:, काठमाडौं,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९७६.

५. अमात्य, होमबहादुर– (सम्पा.) शान्ति–दूत, '२५१२ रौं बुद्धजयन्ती समारोह स्थानीय सुधार समिति' को तत्त्वावधानमा विभिन्न लेखकका लेख र कविताको संग्रह, पाटन, १९६८ (पृ. ५४).

६. "अल्पज्ञ", श्रीविष्णु– (विष्णुप्रसाद श्रेष्ठ) नैराश्य, ४४ कविताहरूको संग्रह, पाटन, १९६० (पृ. ६०).

७. ईश्वरानन्द– घुकू पिकू, नेवारी भाषाका क्रियापदहरूको कोश, काठमाडौं, १९६३ (पृ. २०९+१३).

८. कर्माचार्य, माधवलाल– थः छ्ये, ८ साना कथाहरूको संग्रह, धर्मोदय सभा काठमाडौं, १९५८ (पृ. ५१).

९. कसा, प्रेमबहादुर– (सम्पा.) रत्नेश्वरप्रादुर्भाव, कान्तिपुरका राजा जयप्रकाश-मल्लले ई. १७६० मा नेवारीमा लेखेको नाटक, च्वसापासा, काठमाडौं, १९६४.

१०. कसा, प्रेमबहादुर– (सम्पा.) नासद्योया म्ये, नृत्येश्वर महादेव सम्बन्धी पुराना ५६ भजनहरूको संग्रह र विश्लेषणात्मक भूमिका, काठमाडौं, १९६५.

११. कसा, प्रेमबहादुर– (सम्पा.) भजन सफु, पुराना ३६ भजनहरूको संग्रह, काठमाडौं, १९६८.

१२. कसा, प्रेमबहादुर– (सम्पा.) सिद्धिदास ह्मसीके, महाकवि सिद्धिदासको सम्झनामा २१ लेखकका रचनाको संकलन, च्वसापासा, काठमाडौं, १९६७ (पृ. १३७).

१३. कसा, प्रेमबहादुर– मतेनाया म्ये, श्रृंगार रसका पुराना र नयाँ गीतको संग्रह, काठमाडौं, १९५९ (पृ. १३९).

१४. कायस्थ, छेत्रबहादुर– (सम्पा.) जुजु (सिद्धिनरसिंहमल्लया म्ये पुचः, ई. १६२२ तिर भएका पाटनका राजा सिद्धि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नरसिंहमल्लले रचेका नेपारी भक्ति गीत-हरूको सम्पादन, साहित्यया मूलुखा, पाटन, १९६६ (पृ. ३६).

१५. कायस्थ, क्षेत्रबहादुर– नेपाल–सम्वत्–छगू विवेचना, नेपाली इतिहासका केही पक्षको विवेचन, साहित्यया मूलुखा, पाटन, १९७६ (पृ. ५२).

१६. कायस्थ, रामबहादुर– प: क्व: छ्यँ, ३५ कविताको संग्रह, धर्मोदय सभा, काठमाडौं, १९५८.

१७. तमोट, काशीनाथ– नेपाल भाषाया आधुनिक कविता, पासामुना, काठमाडौं, १९७६.

१८. तमोट, काशीनाथ– (सम्पा.) पाठ्य संस्कृत–नेपालभाषा खँग्व:धुकूचा, संस्कृत शब्दहरूको नेवारी पर्यायहरूको सानो कोश, नेपालभाषा लिधँसा सफूचा गुठि, पाटन, १९७७ (पृ. ३५).

१९. तुलाधर सुगतदास– (सम्पा.) तुलाधर, मानदास (सम्पा.) मल्ल शाहकालया मे, नेपालभाषा साहित्य, प्रथम भाग, मल्ल र शाहकालीन नेवारी भक्ति–गीतको संग्रह, काठमाडौं, १९५६ (पृ. ४४).

२०. तुलाधर, सुगतदास– नेपालभाषा शब्द–संग्रह (वाक्य व वाक्यांश-सहित), नेवारी वाक्य, वाक्यांश र शब्द-हरूको नेपाली, हिन्दी र अंग्रेजी पर्याय प्रस्तुत भएको, हिमालयन पायनियर पब्लिकेशन्स, काठमाडौं, षष्ठ संस्करण, सन् १९६५ (पृ. ८५).

२१. तुलाधर, मानदास– (सम्पा.) पुलाँगु म्ये, पुराना ८६ भजनहरूको संग्रह, काठमाडौं, १९६७.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२. दली, काशीलाल– **निबन्ध–परिचय,** साधारण विषयका ५२ निबन्धहरूको संग्रह, प्रथम संस्करण, सन् १९४६, दोस्रो संस्करण, नेपालभाषा परिषद्, १९५९ (पृ. ११५).

२३. 'धम्माचरिय', धम्मवती– **बुद्धया अन्तिम यात्रा,** प्रथम भाग, बौद्ध ग्रन्थ महापरिनिर्वाण सूत्रको आधा भागको अनुवाद, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाडौं, १९७३ (पृ. ५५).

२४. धर्मोदय सभा– **शान्ति,** गोविन्दहरि नेकूको 'भितुना' र हरि श्रेष्ठको 'शान्ति' भन्ने दुई रूपकको संग्रह, काठमाडौं, १९५७ (पृ. १०).

२५. नाति वज्र– **सुतिलः,** कविता संग्रह, काठमाडौं (?), १९७१ (पृ. ३०).

२६. नारायणदेवी, श्रीमती– **मुखूस्वां,** कवितासंग्रह, धर्मोदय सभा, काठमाडौं, १९५८ (पृ. ३४).

२७. नेपाल भाषा परिषद्– **गद्य पुचः,** दोस्रो भाग, विभिन्न लेखकका २५ साहित्यिक लेखहरूको संग्रह र ७ परिशिष्ट, काठमाडौं, १९५६.

२८. नेपाल भाषा परिषद्– **पद्य–पुचः,** पुराना र नयाँ कविहरूको परिचय र तिनका कविता र काव्यांश-हरूको संग्रह, काठमाडौं, १९६८ (पृ. ७६ र परिशिष्टको ३२).

२९. नेपाल भाषा परिषद्– **नेपालभाषाया नःलि कविता,** २१ कवि-हरूको परिचयसहित १–१ वा २-२ आधुनिक कविताहरूको संग्रह, काठमाडौं,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९७१ (पृ. ६३).
३०. नेपाल भाषा साहित्य गोष्ठी– **शुक-रंभा संवाद व रंभा-शुक संवाद,** महाकवि सिद्धिदासको काव्य-रचना, कलकत्ता, १९६७ (पृ. १६).
३१. नेपाली, चित्तरञ्जन– **वँत हे,** श्री म. वी. वि. शाहको 'उसैको लागि' का २७ कविता संग्रहको नेवारी अनुवाद, समीक्षात्मक भूमिकालेखक–कृष्णचन्द्रसिंह प्रधान, काठमाडौं, १९७१ (पृ. ६१).
३२. नेपाली, चित्तरञ्जन– **खैय्यामया रुवाइ,** एडवर्ड फिट्जेराल्डले गरेको उमर खैय्यामको रुवाईको नेवारी पद्यानुवाद, नेपाल भाषापरिषद्, १९५७ (पृ. ७६).
३३. नेपाली युवक बौद्ध परिषद्– (संस्कृति विभाग) **निमन्त्रणा,** २ गीतिनाट्यहरूको संकलन, पाटन (?), ?
३४. नेवा, ज्यानबहादुर– **संक्षिप्त नेपाल भाषा व्याकरण,** पाटन, १९६१.
३५. 'पथिक', पूर्ण– **छ्पा: चित्र,** कथा संग्रह, पाटन, १९५७ (पृ. ५६).
३६. पिवा:, सूर्यबहादुर– **ह्रस्व–दीर्घया म्ये,** नेवारीका शब्दहरूको ह्रस्व–दीर्घको पद्यबद्ध सवाई, र. पु. भ. १९६७ (पृ. १२).
३७. प्रधान, भैरवबहादुर– **मध्यकालीन नेपाल,** मध्यकालका १७ राजा तथा भार्दारहरूको ऐतिहासिक परिचय तथा सांस्कृतिक पक्षहरूको छोटकरी विवरण, काठमाडौं, १९५३ (पृ. ८४).
३८. प्रधान, कुलेन्द्रमान– **जीवन-दर्शन,** खलिल जिब्रानको 'दि प्रोफेट' को अनुवाद, अनुवाद साहित्यमा 'श्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिरपा' पुरस्कार प्राप्त, हिमाञ्चल पुस्तक भवन, काठमाडौं, १९६६ (पृ. ९२).

३९ प्रधान, कुलेन्द्रमान– नेपालभाषा बाखं साहित्यया इतिहास, नेवारी कथा–साहित्यको इतिहासबारे समीक्षा, च्वसापासा, १९७० (पृ. १९१).

४०. पासापुच– खने ऽ भरु मरु, १२ नयाँ कथाहरूको संग्रह, काठमाडौं, १९६५ (पृ. ७३).

४१. भाजु, हरिकृष्ण– ख्वबि, २८ कविताको संग्रह, प्रकाशक तथा भूमिका–चित्तधर उपासक, काठमाडौं, १९५० (पृ. ५०).

४२. भिक्षु, अनिरुद्ध– लोक–नीति, मूल पालिको नेवारी गद्यमा शब्दानुवाद र भावानुवाद, धर्मोदय सभा, कलकत्ता, १९५१ (पृ. ८८).

४३. भिक्षु, अनिरुद्ध– अम्बट्ठ सूत्र, १० बौद्ध कथाहरूको अनुवाद, धर्मोदय सभा, काठमाडौं, १९६४ (पृ. ३२).

४४. भिक्षु, अमृतानन्द– धम्मपद, मूल पालि सहित नेवारी भाषामा अनुवाद, धर्मोदय सभा, कालिम्पोंग १९४३, द्वितीय संस्करण, १९५० (पृ. २१०)

४५. भिक्षु, अमृतानन्द– गृही विनय, गार्हस्थ्य धर्म सम्वन्धी ३६ बौद्ध लेखहरूको अनुवाद, धर्मोदय सभा, द्वितीय संस्करण, सारनाथ, १९४९ (पृ. १०३)

४६. भिक्षु, अमृतानन्द– बौद्ध कहानी, ९ बौद्ध शास्त्रीय कथाहरूको संग्रह, धर्मोदय सभा, काठमाडौं, १९५६ (पृ. ४०).

४७. भिक्षु, अमृतानन्द– सूत्र-संग्रह, १९ बौद्ध सूत्र–साहित्यको अनुवाद र व्याख्या, धर्मोदय सभा, काठमाडौं, १९६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(पृ. ११८).

४८. भिक्षु, अमृतानन्द– गृही विनय, पालिको मूल र नेवारी अर्थ समेत, प्रथम संस्करण, सन् १९४३, तृतीय संस्करण, धर्मोदय सभा, काठमाडौं, १९६७ (पृ. १०२).

४९. भिक्षु, अमृतानन्द– आर्यसत्य, बौद्ध धर्मको दार्शनिक पक्ष उपर्युक्त पक्षको गम्भीर विवेचन, प्रथम सं. सन् १९४४, द्वितीय सं. काठमाडौं, १९६९ (पृ. २३).

५०. भिक्षु, अश्वघोष– माँ–बौ लुमन, गद्य + पद्य, काठमाडौं, १९७५ (पृ. ३०).

५१. भिक्षु, अश्वघोष– बौद्ध शिक्षा, बौद्ध ग्रन्थ मज्झिम निकायका अनेक सूत्रहरूको अनुवाद र व्याख्या, आनन्द-कुटी, १९७१ (पृ. ५२).

५२. भिक्षु, अश्वघोष– हृदय परिवर्तन, ९ बौद्ध कथाहरूको संग्रह, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाडौं, १९७२ (पृ. ४१).

५३. भिक्षु, कुमार काश्यप– बुद्ध, धर्म व संघ, बौद्धधर्मको उक्त ३ पक्ष-वारे ३ जनाले लेखेका लेखहरूको संकलन, काठमाडौं, १९७२ (पृ. ४८).

५४. भिक्षु, ज्ञानपूर्णिक– अभिधर्मार्थ संग्रह, पालि मूलको शब्दार्थ र भावार्थ, भाग–१. पाटन, १९७१ (पृ. १६०).

५५. भिक्षु, धर्मालोक– न्ह्यसःया लिसः, नेपाली र नेवारीमा नेपाली बौद्धधर्मका अनेक पक्षवारे विचारहरू प्रश्नोत्तर रूपमा प्रस्तुत, पाटन, १९५७ (पृ. ३२).

५६. भिक्षु, महास्थविर प्रज्ञानन्द– परित्त सुत्त, २२ बौद्ध सूत्र र गाथा-
भिक्षु, महास्थविर धर्मालोक हरू र तिनको अनुवाद, छैठौं संस्क.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाटन, १९७४ (पृ. ८६).

५७. भिक्षु, बुद्धघोष– **बुद्धधर्म सम्बन्धी सामान्य ज्ञान प्रश्नावली**, पाटन, १९६५ (पृ. २८).

५८. भिक्षु, सुदर्शन– **बौद्धधर्म हे मानवधर्म**, डा. भीमराव अम्वेडकरको 'बौद्धधर्म ही मानवधर्म' भन्ने ग्रन्थको अनुवाद, सम्पा. भिक्षु धर्मरक्षित, काठमाडौं, १९५७ (पृ. ७६).

५९. भिक्षु, विवेकानन्द– **श्यामावती**, पालि कथाको अनुवाद, पाटन, १९६२ (पृ. ९४).

६०. भिक्षु, सुदर्शन– **पालि त्रिपिटक परिचय**, पालि त्रिपिटक साहित्यको संक्षिप्त परिचय, काठमाडौं, १९६८ (पृ. १२).

६१. भिक्षु, सुदर्शन– **बुद्धकालीन जम्बूद्वीपया छगू परिचय**, प्रथम-द्वितीय भाग, बुद्धको समयमा भारतवर्षका राज्यहरूको परिचय, काठमाडौं, १९६८ (पृ. १४+२१).

६२. भिक्षु, सुदर्शन– **बुद्ध व बुद्धधर्म**, बौद्ध धर्म सम्बन्धी ७ लेखहरूको संग्रह, पाटन, १९७० (पृ. ५८).

६३. भिक्षु, सुबोधानन्द– **तेलकटाह गाथा**, पालि मूलको नेवारी अनुवाद, काठमाडौं, १९५८.

६४. भैरवगोपाल– **मुना स्वां**, विभिन्न कविहरूका ४३ कविताहरूको संग्रह, प्रथम संस्करण, सन् १९४६, तेस्रो संस्करण, नेपालभाषा परिषद्, १९७३ (पृ. ६३).

६५. मानन्धर, कृष्णप्रसाद– 'मानव', पूर्णवहादुर, 'हृदय', चित्तधर (अनुवादक) **स्वपु सूत्र**, बौद्ध ग्रन्थ दीघनिकायका २२ सौं, २७ सौं र २८ सौं सूत्रहरूको गद्यानुवाद; धर्मोदय सभा, काठमाडौं १९५८ (पृ. ५७).

६६. मानन्धर, ठाकुरलाल– **पुलांगु म्ये**, 'प्राचीन गीति संग्रह', नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषा परिषद्, १९६८, (पृ. ७८).

६७. मास्के, उद्धव– **वंह्म अबुयात लुमंका**, स्वर्गीय पिताको सम्झनामा रचित शोककाव्य, भक्तपुर, १९७३ (पृ. ३९).

६८. मिश्र, मदनमोहन– **सीताहरण**, ११ सर्गको काव्य, श्रेष्ठ प्रकाशन, ललितपुर, १९६० (पृ. १२५).

६९. जोशी, पन्नाप्रसाद– **नेपालभाषा शब्दरूपावली**, नेवारी भाषामा शब्द रूपावलीको सिद्धान्तबारे केही भूमिका (अंग्रेजीमा पनि) र केहीको उदाहरण, काठमाडौं, १९५९ (पृ. २४).

७०. जोशी, पन्नाप्रसाद– **संक्षिप्त नेपालभाषा शब्दकोश**, नेवारी-नेपाली, काठमाडौं, १९५६.

७१. जोशी, पन्नाप्रसाद– **संक्षिप्त नेपालभाषा शब्दकोशया ताञ्चा**, अघि प्रकाशित कोशको परिशिष्ट भाग, काठमाडौं, १९५६.

७२. जोशी, रत्नध्वज– (सम्पा.) **साहित्यया सुलचं**, नेवारीसाहित्यको विभिन्न पक्षबारे ४ जना लेखकका १० लेखको संग्रह, नेपालभाषा परिषद्, काठमाडौं, १९५२ (पृ. १०७).

७३. जोशी, रत्नध्वज– **निबन्ध निपुचः**, साहित्य र अन्य विषयका १२ निबन्धहरूको संग्रह, धर्मोदय सभा, काठमाडौं १९५८ (पृ. ६९).

७४. जोशी, रत्नध्वज– **नेपालभाषा साहित्यया तिसा**, 'साहित्यालंकार', नेपालभाषा परिषद्, काठमाडौं, १९७४ (पृ. ८०).

७५. जोशी, लक्ष्मीभक्त– **नागरिक शास्त्र**, प्रथम भाग, छात्रोपयोगी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा नागरिक शास्त्र, साहित्य सेवा चलः, काठमाडौं, १९५५ (पृ. ६८).

७६. जोशी, सत्यमोहन– गौतमबुद्ध, एकांकी नाटक, धर्मोदय सभा, कालिम्पोंग, १९५० (पृ. ३२).

७७. जोशी, सत्यमोहन– छुना खँ, नेवारी उखानहरूको कोश, च्वसापासा, काठमाडौं, १९५८.

७८. जोशी, सत्यमोहन– शुद्धं च्वेगु सूत्र, नेवारी शुद्ध लेख्ने सूत्रहरूको विवरण, पाटन, १९५८ (पृ. २७).

७९. जोशी, सत्यमोहन– खँत्वा व खँभाय्, नेवारीको वाक्यांश र वाक्पद्धतिको कोश, च्वसापासा, काठमाडौं, १९६२ (पृ. १४९), (परिशिष्ट, पृ. १६).

८०. जोशी, सत्यमोहन– शाक्य, हेमराज (सम्पा.) विक्रम चरित, ईस्वीको सत्रौं शताब्दीको अन्त्य र अठारौं शताब्दीको थालनीतिर भएका भक्तपुरका राजा भूपतीन्द्र मल्लले लेखेको ३ अंके नेवारी नाटकको सम्पादन, पासा प्रकाशन, काठमाडौं (?), १९७० (पृ. ११९, भूमिका र परिशिष्ट).

८१. जोशी, सत्यमोहन– वैद्यबा, ५ दृश्यको नाटक, पाटन, १९७१ (पृ. ७१).

८२. जोशी, सत्यमोहन– कविवर श्री म. वी. वि. शाहजुयागु "वैतहे" व "हनं वैतहे", श्री म. वी. वि. शाहको 'उसैको लागि' र 'फेरि उसैको लागि' कविता संग्रहका १०८ गीत–कविताको नेवारी पद्यानुवाद, पाटन, १९७३ (पृ. १२८).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८३. जोशी, हेमलाल– खड्गसिद्धि, इतिहासमा आधारित विषयवस्तुका ७ एकाङ्की नाटकहरूको संग्रह, च्वसापासा, काठमाडौं, १९६३.
८४. जोशी, हेमलाल– सदाशिव, ऐतिहासिक नाटक, च्वसापासा, काठमाडौं, १९६५.
८५. जोशी, मा. हेमलाल– रूपा, सामाजिक नाटक, साहित्यया मूलुखा, पाटन, १९६६ (पृ. ३६).
८६. जोशी, हेमलाल– खड्ग सिद्धि, ऐतिहासिक एकाङ्की संग्रह, च्वसापासा काठमाडौं, १९६८ (पृ. ३८).
८७. 'यमि', धर्मरत्न– न्वाखँ पुचल, कविता संग्रह, काठमाडौं, १९५० (पृ. १४).
८८. 'यमि', धर्मरत्न– **विश्वन्तरया मचात दान**, जातक कथामा आधारित काव्य, लेखनकाल १९४३, भूमिकाको मिति १९५२, नेपालभाषा परिषद्, काठमाडौं, १९५७ (पृ. २३).
८९. 'यमि', धर्मरत्न– अर्हतनन्द, १५ सर्गको काव्य, नेपालभाषा परिषद्, काठमाडौं, १९६१.
९०. 'यमि', धर्मरत्न– भृकुटी, ऐतिहासिक उपन्यास, 'श्रेष्ठ सिरपा' पुरस्कार प्राप्त, प्रथम संस्करण, १९६०, तेस्रो संस्करण, १९७३ (पृ. १४४).
९१. रत्न, कुलधर्म– च्वखँमुना, १५ साहित्यिक लेखहरूको संग्रह, काठमाडौं, १९५६.
९२. रामशेखर– सोतिपाँय्, ८ कथाको संग्रह, भक्तपुर, १९६४ (पृ.९५).
९३. लाकौल, वैकुण्ठप्रसाद– धुँलिचा, अनेक पुराना कविका कविताको संग्रह, अनेक साहित्यकारका भूमिकासहित,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालभाषा परिषद्, काठमाडौं, १९५४ (पृ. ६३).

९४. वज्राचार्य, आदि– स्वपु जातक, करवीर कुमार जातक, महासत्व जातक र सुधनराज कुमार जातक कथाको गद्यानुवाद, धर्मोदय सभा, काठमाडौं १९५७ (पृ. ५५)

९५. वज्राचार्य, आदि– संक्षिप्त अवदान व बुद्ध जीवनी कथा, १९ बौद्ध कथाहरूको अनुवाद, पाटन, १९६२ (पृ. ११०)

९६. वज्राचार्य, आदिवज्र– शब्दरचना अलंकार, भाग–१, नेवारी-भाषाको व्याकरणका अनेक पक्षको विवरण, काठमाडौं, १९५८ (पृ. ७५).

९७. वज्राचार्य, आशाकाजी– बुँगद्यो नेपाले हःगुखँ, श्रीमत्स्येन्द्रनाथ-लाई कसरी नेपाल ल्याई थापियो भन्ने वंशावलि, तेस्रो संस्करण, पाटन, १९६५ (पृ. ८१).

९८. वज्राचार्य, प. वै. आशाकाजी– महायान बुद्धधर्म, 'नेपाल तीर्थव्रत पुस्तकम्', स्वयम्भू पुराणको आधारमा नेपाल उपत्यकाका बौद्ध तीर्थहरूको विवरण, पाटन, १९७१ (पृ. १९).

९९. वज्राचार्य, पं. वै. आशाकाजी– सुरदत्त-कथा, 'सँन्हूगुठिया महिमा': (गणेशराज) पुरानो वंशावलिको अंश, पाटन, १९७२ (पृ. ९३)..

१००. वज्राचार्य, कमलानन्द– कृशा गौतमी, बौद्ध ग्रन्थको आधारमा उक्त तपस्विनी आइमाईको कथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तुत गरिएको खण्ड-काव्य, प्रथम संस्करण, १९६४, द्वितीय संस्करण, १९६६, (पृ. ३५).

१०१. वज्राचार्य, कमलानन्द– त्रिरत्न वन्दना, संस्कृत श्लोकहरूको गद्यानुवाद, काठमाडौं, १९६८ (पृ. ६).

१०२. वज्राचार्य, पुण्यरत्न– क्वीगु नखः चखः, उपत्यकामा मनाइने १२ चाडपर्वको परिचय, प्र. सं. १९६४, दोस्रो संस्करण, काठमाडौं, १९७१ (पृ. ८५).

१०३. वज्राचार्य, पुण्यरत्न– लिधंसा, प्रथम भाग, नेवारी व्याकरणको जोशी, लक्ष्मीभक्त परिशिष्ट, प्र. सं. १९५९, तेस्रो संस्करण, रत्न पु. भ. १९७१ (पृ. ५७).

१०४. वज्राचार्य, फणीन्द्ररत्न– तिमिला, कविता-संग्रह, धर्मोदय सभा, काठमाडौं, १९५८.

१०५. वज्राचार्य, पण्डित कविराज– संसार वृत्ति साधन, (यमद्वार ज्योतिष मोहनराज कथा), भाषानुवाद, ललितपुर, १९७१ (पृ. १९०).

१०६. वज्राचार्य, मोहनराज– अष्टमीव्रत कथा, उपोषधावदान अन्तर्गतको उक्त कथाको अनुवाद, ललितपुर, १९७५.

१०७. वज्राचार्य, रत्नबहादुर– बौद्ध प्रथम शिक्षा, बौद्ध शास्त्रका उक्तिहरूको अनुवाद तथा व्याख्या, पाटन, १९७२ (पृ. १३२).

१०८. वज्राचाय, पं. रत्नबहादुर– ये धर्मा गाथा, उपर्युक्त बौद्ध गाथाको अनुवाद, पाटन, १९७३ (पृ. २६).

१०९. वज्राचार्य, पं. रत्नबहादुर– गुरुमण्डलार्चन व एकविंशति प्रज्ञापारमिता, उक्त दुई बौद्ध ग्रन्थको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुवाद, पाटन, १९७५ (पृ. ३४).

११०. वज्राचार्य, वर्णवज्र– छचाकं, १० जना लेखक कविका कथा, कविता, निवन्ध र नाटकको संकलन, प्रथम संस्करण, काठमाडौं, १९६०, द्वितीय संस्करण, काठमाडौं, १९६३. (पृ. ५६).

१११. वज्राचार्य, वर्णवज्र– (सम्पा.) मणिशैल महावदान, दोस्रो भाग, बौद्ध अवदान कथा, बनेपा, १९६३.

११२. वज्राचार्य, विजयरत्न– 'पासा' समालोचकपिनि भिखाय्, सम्पादक–तमोट, काशीनाथ -नेपालभाषा लिधंसा सफूचा पिथना गुथि, काठ-माडौं (?), १९७७. (पृ. २२).

११३. वज्राचार्य, विश्ववज्र– (सम्पा.) नेपालभाषा देवस्तोत्र, २३ स्तोत्र-संग्रह, पाटन, १९७४ (पृ. ४४).

११४. 'व्यथित'– प्रतीक्षा, छायावादी कवितासंग्रह, काठमाडौं, १९४६ (पृ. ४८).

११५. "व्यथित"– दिवस–चित्र, १५ कविताको संग्रह, भक्तबहादुर पब्लिशर एण्ड बुक्सेलर, काठमाडौं, १९४७ (पृ. ६२).

११६. 'व्यथित', केदारमान– छ्वास, कविता–संग्रह, सिद्धिचरणको समालोचनात्मक भूमिका र बालचन्द्र शर्माको नेपाली भूमिकाको अनुवाद समेत, नेपालभाषा परिषद्, काठमाडौं, १९७० (पृ. ३०).

११७. वैद्य, करुणाकर– नेपालभाषा–नेपालीया शिक्षा, नेवारी–अंग्रेजी नेपाली र हिन्दीका पर्यायवाची वाक्यहरूको संग्रह, काठमाडौं, १९५६ (?), (पृ. ७४).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११८. वैद्य, करुणाकर– **नेपायागु पुलां बाखं**, नेपाल उपत्यकाका २१ लोककथाहरूको सम्पादन, प्रथम संस्क. १९५८, तृतीय संस्करण १९६६ (पृ. १३४).

११९. वैद्य, जनकलाल– **कल्याणी**, स्वस्थानीको कथाको आधारमा लिखित नाटक, पाटन, १९६७ (पृ. ६५).

१२०. वैद्य, धनकृष्ण– **बुद्ध वन्दना**, ४ पुराना स्तोत्रको पद्यानुवाद, वलम्बू (?), १९६७ (पृ. ३६).

१२१. वैद्य, विद्या– **बकुला पाजु**, केटाकेटीका लागि लेखिएका १४ सरल कविताको संग्रहं काठमाडौं, १९६९ (पृ. ३९).

१२२. सागर, तुलाधर पुष्परत्न– **सुबोध नेपालभाषा व्याकरण**, काठमाडौं, १९६२, तृतीय संस्करण, काठमाडौं, १९७३ (पृ. १२५).

१२३. साय्मि, धूस्वां– **पासा**, उपन्यास, काठमाडौं, १९५८ (पृ. १४४).

१२४. साय्मि, धूस्वां– **मूस्वाँ**, १२ लघुकथा–संग्रह, काठमाडौं, प्रकाशन तिथि–? (पृ. २३).

१२५. साय्मि, भरत– (सम्पा) **वाखं–समालोचना**, नेवारी कथा साहित्यको ९ जना लेखकका समालोचनात्मक लेख-संग्रह, पल्पसा साहित्य–छ्यः, काठमाडौं, १९७५ (पृ. १४९).

१२६. सिं, लोकमान– **नेपालभाषा व्याकरण**, काठमाडौं, १९५५. (पृ. १०६).

१२७. सिंह, दुर्लभलाल– **किंकिपा**, साना कथाहरूको संग्रह, च्वसापासा, काठमाडौं, १९७१ (पृ. ९१)

१२८. सिंह, फत्येबहादुर– **चर्पट पञ्जरिका**, श्री शंकराचार्यको प्रसिद्ध स्तोत्रको नेवारी पद्यानुवाद, प्रकाशक–कविप्रसाद गौतम, काठमाडौं, १९४९ (पृ. ६).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२९. सिंह, फत्तेबहादुर– जीवन–खुसी, ४७ श्लोकको धार्मिक कविता, काठमाडौं, १९५०.

१३०. सिंह, फत्तेबहादुर– ब्यू–अयोध्या, रामायणको केही अंशमा आधारित खण्ड काव्य, काठमाडौं, १९६४ (पृ. ३४).

१३१. सिंह, फत्तेबहादुर– (सम्पा.) नेपाली विहार, दुई खण्डमा अनेक कविहरूका १७ कविताको संग्रह, प्रथम संस्करण, काठमाडौं (?), १९३९, द्वितीय संस्करण, काठमाडौं, १९७६ (पृ. २०+१४).

१३२. सिद्धिदास, कवि– सरल छन्द बोध व सूक्ष्म छन्द, शास्त्रीय छन्दहरूमा कविका फुटकर रचनाहरू, धर्मोदय सभा, कालिम्पोंग, १९७१ (पृ. ३२).

१३३. सुजिका:, हेराकाजी– (सम्पा.) त्रिरत्न गुण गान व बुद्धधर्म सम्बन्धी सामान्य ज्ञान, अनेक कविका ४० भजन र बुद्धधर्म सम्बन्धी सामान्य ज्ञान, द्वि. संस्करण, पाटन, १९७१ (पृ. ४२+६८).

१३४. 'सेवक', आशाकाजी– (सम्पा.) कविता–मुना, ३५ जना जति कविका ४० कविताहरूको संग्रह, बनेपा, १९५९ (पृ. ४४).

१३५. शाक्य, धर्मरत्न– खुद्दक पाठ, मूल पालिसहित नेवारी अनुवाद, सुगतपुर विहार त्रिशूली, १९६८ (पृ. ५४).

१३६. शाक्य, हेमराज– शिवदेव संस्कारित ॐ कुलि श्रीरुद्रवर्ण महाविहार, पाटनको उक्त नामको विहारको संक्षिप्त परिचय, पाटन, १९७० (पृ. ३०).

१३७. शास्त्री, शुक्रराज– नेपालभाषा व्याकरण, ब्रह्मचारी शुक्रराज शास्त्री विद्याभूषण (विद्याव्रतस्नातक महा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यालय गुरुकुल सिकन्दरावाद, भारत), 'श्रीराज दैवज्ञ माधवराज जोशीया आत्मज' भनी लेखकको परिचय दिइएको, 'श्रीचन्द्र ग्रन्थमाला–१' काठमाडौं, १९२८.

१३८. श्रामणेर, मेधंकर– आर्य-सिद्धान्त, श्रीलंकाका भिक्षु मैत्रेय (मेत्रेय्य) को रचनाको अनुवाद, काठमाडौं, १९५८ (पृ. २९).

१३९. श्रामणेर, सुदर्शन– राष्ट्रपाल, इतिहासमा आधारित धार्मिक विषयवस्तुको नाटक, धर्मोदय सभा, काठमाडौं, १९५८.

१४०. श्रामणेर, सुदर्शन– सप्त सत्पुरुष धन, स्थविरवादी बौद्ध धर्मको आचार विचार सम्वन्धी लेखहरूको संग्रह, अखिल नेपाल भिक्षु महासंघ, पाटन, १९६२.

१४१. श्रामणेर, सुदर्शन– आशंका, गोर्खाको इतिहासको एक अंश (पृथ्वीपतिशाहको काल सम्वन्धी) को घटनामा आधारित ३ अंकको नाटक, काठमाडौं, १९७१ (पृ. ११५).

१४२. श्रामणेर, सुमन– निमी जातक, उक्त बौद्ध जातकको अनुवाद, काठमाडौं, १९७५ (पृ. ३६).

१४३. श्रेष्ठ, चन्द्रमान– अंकगणित, नेवारी माध्यमबाट प्रारम्भिक अंकगणित सिकाउने ग्रन्थ, नेपालभाषा परिषद्, १९५५ (पृ. १२७).

१४४. श्रेष्ठ, पुष्पसुन्दर– पुलाँगु म्ये पुचः, पुराना स्तोत्रहरूको संकलन, चौघडा (?), १९७५ (पृ. २४).

१४५. श्रेष्ठ, भगवतीप्रसाद– नेपालभाषा सामान्यज्ञान, नेपालभाषा परिषद्, काठमाडौं, १९६० (पृ. २०६).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४६. श्रेष्ठ, मनमोहन– पसूकाया स्वपु का, ईश्वरानन्दका तीन नाटकका समालोचना, पाटन, १९६७ (पृ. ४७).

१४७. श्रेष्ठ, लोकमान– नेपालभाषाया त्वथः, नेवारी भाषा र व्याकरण सम्बन्धी, पाटन, १९५२.

१४८. श्रेष्ठ, स्वयम्भूलाल– जिजि, नेपालका अनेक जातिको संस्कृति र भाषाबारेका १२ लेखहरूको संग्रह, च्वसापासा, १९६८ (पृ. १७३).

१४९. श्रेष्ठ, सिद्धिचरण– सिस्वन, कविता संग्रह, काठमाडौं, १९५०.

१५०. 'हृदय', चित्तधर– हृदय-कथा, कविता–संग्रह, काठमाडौं, १९४७.

१५१. 'हृदय', चित्तधर– बभ्रुवाहन, ९ सर्गको खण्डकाव्य, लेखकले गुरु श्रीयोगवीरसिंहलाई समर्पण गरेको, काठमाडौं, १९४६ (पृ. ४४).

१५२. 'हृदय', चित्तधर– न्हूगु स्वां, कविता संग्रह, काठमाडौं, १९४६ (पृ. १६).

१५३. 'हृदय', चित्तधर– अन्तर ध्वनि, सरल भावका २३ कविताहरूको संकलन, काठमाडौं, १९४९ (पृ. ३२).

१५४. 'हृदय', चित्तधर– याकः मियाचा, १२ कविताको संग्रह, भूमिका लेखक सिद्धिचरण श्रेष्ठ, नेपालभाषा परिषद्, काठमाडौं, १९५० (?)

१५५. 'हृदय', चित्तधर– (सम्पा.) योगसुधा, योगवीरसिंहका २९ भजनहरूको सम्पादन-संकलन, नेपालभाषा परिषद्, काठमाडौं, १९५१.

१५६. 'हृदय', कविकेशरी चित्तधर– महाचीने नेपाल–संस्कृति, लेखकको चीनयात्राको वृत्तान्त, काठमाडौं, १९६४ (पृ. ७२).

१५७. 'हृदय', चित्तधर– धर्मादित्य धर्माचार्य व नेपालभाषा व थ्वया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहित्य, साहित्यसेवी धर्मादित्य (ई. १९०२-१९६३) को जीवन र देन तथा नेवारी साहित्य सम्बन्धी विविध पक्षको विश्लेषण, नेपालभाषा साहित्य गोष्ठी कलकत्ता, १९६४ (पृ. ४६).

१५८. 'हृदय', चित्तधर- (सम्पा.) **'सिद्धिदास' थःगु मिखाय् व शिवविलास बाखं**, महाकवि सिद्धिदास अमात्यको जीवनी (पृ. १–१०) र उनको शिवविलास नामक कथा (पृ. ११–२५), कलकत्ता, नेपालभाषा साहित्य गोष्ठी, १९६७.

१५९ 'हृदय', चित्तधर- (सम्पा.) **महासत्व**, श्री ५ राजेन्द्रविक्रम शाहले बनाएको भनिने यो पूर्व १ नं. मा नामुढामा रहेको प्रसिद्ध नमोबुद्ध चैत्यको उत्पत्ति सम्बन्धी कथानकलाई नाटकको रूपमा प्रस्तुत, काठमाडौं, १९६७.

१६०. 'हृदय', चित्तधर– **मिमनः पौ**, उपन्यास, काठमाडौं, १९६८ (पृ. १०७).

१६१. 'हृदय', चित्तधर– **ख्व नं जिमि वंत**, काव्य, काठमाडौं, १९६८ (पृ. ५२).

१६२. 'हृदय', चित्तधर– **डायरी**, १० कथाको संग्रह, काठमाडौं, १९७० (पृ. ८२).

१६३. 'हृदय', चित्तधर– (सम्पा.) **नेपालभाषा साहित्यया जातः**, नेवारी भाषाका ई. ११०४ देखिका अभिलेखिक र साहित्यिक रचनाहरूको विवरणात्मक सम्पादन, नेपालभाषा परिषद्, काठमाडौं, १९७१ (पृ. २६७).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६४. 'हृदय', चित्तधर– नेपाल- संस्कृति, नेपाली संस्कृति, साहित्य र अन्य विचारबारे २२ लेखहरूको संग्रह, नेपालभाषा परिषद्, काठमाडौं, १९७२ (पृ. १४४).

१६५ 'हृदय', चित्तधर– ज्ञीगु साहित्यया तँसा, अनेक साहित्यकारहरूको परिचय र अन्य साहित्यिक लेखहरूको संग्रह, नेपालभाषा परिषद्, काठमाडौं, १९७४ (पृ. ७२).

NEPAL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामान्य परिशिष्ट

नेवारी भाषा र संस्कृति सम्बन्धी केही लेख र ग्रन्थ

1. Conrady, August – *'Das Newari Gramatic and Sprach Praben dans la'* 2z DMG, Vol. XLV. 1891 (PP 1-35).
2. Worter buch – *'Ein Sanskrit Newari'* ZDMG. Vol. XLVII. 1893 (PP 539 ff)
3. Jorgensen, H – *Dictionary of the classical Newari*, **Denmark**, 1936.
4. " – *A Grammar of the Classical Newari*, **Den**mark, 1941.
5. Nepali, G. S. – *The Newars*, Bombay, 1965.
6. Siegfied Lienhard– *Nevarigitamanjari*, Religious and Secular Poetry of the Nevars of the Kathmandu Valley, Acta Universitatis Stockhol miensis, Stockholm Oriental Studies, Vol. 10. Stockholm, 1974 (332 Pages).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

Acc. No. 8100...

Class No 306.1 NEW Book No REG

Author रेग्मी, जगदीशचन्द्र

Title नेवारी ... रूपरेखा

Due on	Borrower's Name	Returned on

306.1 NEW
REG

8900

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

अनुसन्ध
'नेवारी
व्यक्ति
वारे ह
पनि डा
आवश्य
नेवारल

तपस्वी
ज्यूले
प्रकाशि
३६ घ

उमेशचन्द्र रेग्मी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६२८
६३९

रंगीन नेपाली सांस्कृतिक चित्रहरू

अफिस अफ नेपाल एण्टीक्वेरीको तत्त्वावधानमा नेपाली संस्कृति बारेमा अध्ययनरत एक जना अनुसन्धाताको योजना अनुसार नेपाली संस्कृतिका विभिन्न पक्षका ज्ञाता र अनुभवी एक जना ८२ वर्षीय चित्रकारद्वारा अंकन भएका रंगीन मौलिक चित्रहरू प्रकाशित गरिएका छन् । सांस्कृतिक चित्रको प्रस्तुतीकरणमा नवीन प्रयोगको रूपमा यो कार्यक्रमले सम्बद्ध विषयका प्रेमीहरूलाई आनन्द दिने विश्वास गरिएको छ । आफै पाल्नुहोस् वा पत्र लेख्नुहोस् ।

सम्पर्क स्थान
अफिस अफ नेपाल एण्टीक्वेरी
२०/४०१ नक्साल काठमाडौं,
नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu